# नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन

२०६३

# नियम संग्रह

२०६४

(तेस्रो संशोधन २०८० सहित)

प्रकाशक :

नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन

केन्द्रीय समिति, काठमाडौं ।

# लेखापढी व्यवसायीको आचार सहिता, २०६४

निर्णय मिति २०६४।२।११।६

पहिलो संशोधन मिति २०६७।८।२५

दोश्रो संशोधन मिति २०७५।०५।१५

तेश्रो संशोधन मिति २०८०।०४।१९

नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन केन्द्रीय समितिले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यी नियमहरुको नाम "लेखापढी व्यवसायीको आचार सहिता, २०६४" रहेको छ ।

(ख) यो नियमावली नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन, केन्द्रीय समितिले पारित गरी लागू गर्न निर्णय गरेको मितिदेखि प्रारम्भ हुनेछ

२. **परिभाषा**

विषय वा प्रसङ्गले अर्का अर्थ नलागेमा यस नियमावलीमाः-

(क) "ऐन" भन्नाले नेपाल कानून व्यवसायी परिषद् ऐन २०५० लाई सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले लेखापढी व्यवसायी सम्बन्धी नियमावली २०५१ लाई सम्झनु पर्छ ।

(ग) "विधान" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ लाई सम्झनु पर्छ ।

(घ) "अड्डा" भन्नाले न्यायिक एवं अर्धन्यायिक निकायलाई सम्झनु पर्छ ।

(ङ) "एसोसिएसन" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनलाई सम्झनु पर्छ ।

(च) "व्यवसायी" भन्नाले अड्डा अदालतमा लेखापढी गर्न प्रमाण-पत्र पाई लेखापढी व्यवसायलाई नै पेशा बनाई व्यवसाय गरी आएको व्यक्तिलाई सम्झनु पर्छ ।

३. **लेखापढी व्यवसायीले पालना गर्नु पर्ने पेशागत** आचरण..[3S]

लेखापढी व्यवसायीले देहायका आचारणहरु अनिबार्य रुपले पालना गर्नु पर्दछ-

(क) अर्काले लेखेको लिखतमा आफूले लेखेको भनी प्रमाणित गर्नु हुँदैन ।

(ख) आफूले लेखेको वा मसौदा गरेको लिखतमा आफ्नो नाम, थर, प्रमाण पत्र नम्बर र प्रमाण-पत्र पाएको जिल्ला अदालतको नाम स्पष्टसँग लेखी दस्तखत गर्नु पर्छ ।

(ग) ..........[x]

---

[3S] तेस्रो संशोधनद्वारा संशोधित ।

[x] पहिलो संशोधनद्वारा खारेज ।

(घ) अड्डा अदालतमा काम विशेषले आउने सेवाग्राही जनसमुदायहरु के कामले आएका हुन् भनी....[3x] निजहरुसँग सोधखोज गर्नु हुँदैन ।.....[s]

(ङ) एसोसिएसनको बिरुद्ध सार्वजनिक स्थल वा मानिसहरु जमघट हुने स्थानमा आलोचना गर्नु हुँदैन ।

(च) व्यवसायिक कामको सिलसिलामा अड्डामा उपस्थित हुँदा एसोसिएसनले तोकेको पोशाकमा एसोसिएसनको विशेष चिन्ह वा लोगो देखिने गरी लगाएर मात्र व्यवसाय गर्नुपर्छ । .....[s]

(छ) आफूले व्यवसाय गर्न चाहेको क्षेत्रको एसोसिएसनको जिल्ला वा इकाईको सदस्यता अनिबार्य रुपमा लिएर मात्र लेखापढी व्यवसाय गर्नु पर्नेछ ।.....[s]

(ज) लेखापढी व्यवसायी सम्बन्धी नियमावली २०५१ लगायत प्रचलित नेपाल कानूनलाई पूर्ण रुपले पालना गर्नु पर्नेछ ।

(झ) अरु कुनै सदस्य व्यवसायीले गरिरहेको काममा असर पर्ने गरी निजको पक्षलाई भडकाउनु वा बहकाउनु हुँदैन । .....[s]

(ञ) गैरकानूनी लेनदेन कारोबार गर्नु गराउनु हँदैन ।.....[s]

(ट) आफू संलग्न भएर वा नभई झुट्टा तथा गैरकानूनी काम कारबाही गर्न पक्षलाई उक्साउनु वा प्रेरित गर्नु हुँदैन ।

(ठ) अड्डामा उपस्थित भई सत्य काम कुरा गर्नबाट पक्षलाई रोक्नु हुँदैन ।

(ड) एसोसिएसनले माग गरेको बिबरण दिंदा झुट्टा बिबरण दिनु हँदैन ।

(ढ) कार्यालय समयमा मादक पदार्थ वा लागू पदार्थ सेवन गरी अड्डामा उपस्थित हुनुहँदैन ।

(ण) आफ्नो पक्षको अहित हुन्छ भन्ने जानी जानी पक्षको तर्फबाट कुनै लिखत लेख्नु हुँदैन ।

(त) एसोसिएसन लगायत अरु कुनै सस्थाको रकम मास्न वा खान हुँदैन ।

(थ) पक्षले विश्वास गरी आफलाई सुम्पिएका कागजातहरु पक्षको अहित हुने गरी अरु कसैलाई उपलब्ध गराउनु, देखाउनु वा दुरुपयोग गर्नु गराउनु हँदैन ।

(द) पक्षले विश्वास गरी आफूलाई सुम्पिएको लिफामा निजको इच्छा विपरितका लिखतहरु खडा गरी पक्षलाई बेफाइदा हुने गरी कुनै काम गर्नु हुँदैन । .....[s]

(ध) पक्षले विश्वास गरी आफूलाई सुम्पिएका सक्कल कागजातहरु अरु कसैसँग मिली बिगारी प्रमाण नलाग्ने वा काम नलाग्ने तुल्याइदिनु हुँदैन ।

(न) भ्रष्टाचार गर्नु गराउनु हँदैन ।

---

[3x] तेस्रो संशोधनद्वारा खारेज ।
[s] दोस्रो संशोधनद्वारा संशोधित ।
[s] दोस्रो संशोधनद्वारा संशोधित ।
[s] दोस्रो संशोधनद्वारा संशोधित ।
[s] पहिलो संशोधनद्वारा संशोधित ।
[s] पहिलो संशोधनद्वारा संशोधित ।
[s] पहिलो संशोधनद्वारा संशोधित ।

(प) नैतिक पतन हुने गरी कुनै कार्य गर्नु वा .....[S] अपराध गर्नु गराउनु हुँदैन ।

(फ) बिभिन्न लिखतहरु वा अन्य मसौदाहरु पारित वा कार्यान्वयन गर्दा गराउँदा तोकिएको रकम सम्बन्धित समितिमा बुझाउनु पर्नेछ ।..[T]

४. **उजुरी र सजाय** .....[S]

(१) कुनै व्यवसायीले पेशागत आचरण उल्लङ्घन गरेमा सो थाहा पाउने जोसुकै व्यक्तिले सम्भव भएसम्मका आधार प्रमाण खलाई एसोसिएसनका अनुशासन समिति समक्ष.... [3x] उजुरी गर्न सक्नेछन् ।

(२) प्राप्त भएका उजुरी वा आन्तरिक अनुगमन समेतका आधारमा आचार संहिता उल्लङ्घन गरेको देखिएमा अनुशासन समितिले त्यस्तो व्यवसायीलाई यस नियमावली बमोजिम सजाय गर्न सम्बन्धित समिति समक्ष सिफारिश गर्नु पर्नेछ ।

(३) अनुशासन समितिले गरको सिफारिश समेतलाई आधार मानी आचरण उल्लङ्घन गर्ने व्यवसायीलाई सम्बन्धित समितिले निम्नानुसारको सजाय गर्न वा सजायको लागि सिफारिश गर्न सक्नेछ ।

(क) कुनै व्यवसायीले व्यवसायिक आचरण उल्लङ्घन गरेको ठहरिएमा पहिलो पटकको लागि निजलाई पत्राचार गरी आचरण उल्लङ्घन नगर्न सचेत गराउने र सो व्यहोरा सम्बन्धित अदालत समक्ष लेखी पठाउने,

(ख) दोश्रो पटकमा आचरण उल्लङ्घन गरेमा निजलाई पहिलो पटक गरिएको सजायको व्यहोरा खुलाई सेवाग्राही तथा सम्बन्धित सबैलाई निजबाट सजग रहन एसोसिएसनको सूचना पाटी, निज कार्यरत कार्यालय र सम्बन्धित जिल्ला अदालतमा सार्वजनिक सूचना टाँस गरी नसिहत दिने र सो व्यहोरा सम्बन्धित अदालत समक्ष लेखी पठाउने,

(ग) तेश्रो पटक पेशागत आचरण उल्लङ्घन गरेमा एसोसिएसनबाट निजले पाप्त गरको सदस्यता निलम्बन गर्ने र त्यस्तो व्यवसायीले पाएको पूर्व सजायको उल्लेखन गरी निजले पाएको लेखापढी गर्न पाउने प्रमाण-पत्र ३ महिनासम्मको लागि निलम्बन गर्न सम्बन्धित अदालत समक्ष लेखी पठाउने,

(घ) उपनियम (क), (ख) र (ग) बमाजिमको सजाय पाएको व्यवसायीले पुनः पेशागत आचरण उल्लङ्घन गरेमा एसोसिएसनबाट निजले प्राप्त गरेको सदस्यता खारेज गरी निजलाई गरिएको उपनियम (क), (ख) र (ग) बमोजिमको सजायको उल्लेखन गरी त्यस्तो व्यवसायीले लेखापढी गर्न पाउने प्रमाण-पत्र भविष्यमा पुनः पेशा गर्न अयोग्य ठहरिने गरी रद्ध गर्न सम्बन्धित अदालत समक्ष सिफारिश गर्ने ।

(ङ) उपनियम (ग) र (घ) मा उल्लिखित सजाय गर्नु अघि अभियुक्त व्यवसायीलाई आफ्नो सफाई पेश गर्न १५ दिनको मनासिब मौका प्रदान गरिनेछ ।

---

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[T] पहिलो संशोधनद्वारा थप ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[3x] तेस्रो संशोधनद्वारा खारेज ।

५. **खारेजी र बचाउ**

(क) यस नियमावलीको कुनै शाब्दिक र ब्याकरणगत त्रुटिलाई सच्याउने तथा नियम उपनियमलाई संशोधन गर्ने अधिकार केन्द्रीय समितिमा रहनेछ ।

(ख) नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ र प्रचलित नेपाल कानूनसँग बाझिएका नियम उपनियमहरु स्वतः खारेज तथा निष्क्रिय हुनेछन् ।

(ग) एसोसिएसनको बृहत्तर हित र विकासको लागि यस नियमावलीमा उल्लिखित कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(घ) नेपाल लेखापढी व्यवसायी समितिद्वारा निर्माण गरी लागू गरिएको आचार संहिता २०५७ खारेज गरिएको छ ।

(ङ) नेपाल लेखापढी व्यवसायी समितिको आचार सहिता, २०५७ बमोजिम भए गरेका काम कारबाहीहरु यसै नियमावली बमोजिम भए गरे सरह मानिनेछ ।

# आन्तरिक कार्य व्यवस्था सञ्चालन नियमावली, २०६४

निर्णय मिति २०६४।२।११।६

पहिलो संशोधन मिति २०६७।८।२५

दोश्रो संशोधन मिति २०७५।०५।१५

तेश्रो संशोधन मिति २०८०।०४।१९

नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन, केन्द्रीय समितिले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यी नियमहरुको नाम "आन्तरिक कार्य व्यवस्था सञ्चालन नियमावली २०६४" रहेको छ ।

(ख) यो नियमावली नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन, केन्द्रीय समितिले पारित गरी लागू गर्न निर्णय गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा**

(क) "आन्तरिक कार्य व्यवस्था" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको संगठन संरचनाभित्रको कार्य सुचारु रुपले सञ्चालन गर्न गरिएको कार्य व्यवस्थालाई सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले नेपाल कानून व्यवसायी परिषद् ऐन २०५० लाइ सम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले लेखापढी व्यवसायी सम्बन्धी नियमावली २०५१ लाई सम्झनु पर्छ ।

(घ) "विधान" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ लाई सम्झनु पर्छ ।

(ङ) "अड्डा" भन्नाले न्यायिक एवं अर्धन्यायिक निकायलाई सम्झनु पर्छ ।

(च) "एसोसिएसन" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनलाई सम्झनु पर्छ ।

(छ) "व्यवसायी" भन्नाले अड्डा अदालतमा लेखापढी गर्न प्रमाण-पत्र पाई लेखापढी व्यवसायलाई नै पेशा बनाई व्यवसाय गरी आएको व्यक्तिलाई सम्झनु पर्छ ।

(ज) "आचार संहिता" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको आचार संहिता २०६४ लाई सम्झनु पर्छ ।

३. **विभागीय समितिहरुको गठन र कार्यविधि.....**[s]

(क) नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ को दफा ३६ बमोजिम केन्द्रीय समिति र जिल्ला वा इकाई[3s] समितिहरुमा विभागीय समितिहरु गठन हुनेछन् ।

(ख) विघटन भएमा वा पूनर्गठन भएमा बाहेक विधानको दफा ३६ बमोजिमका विभागीय समितिहरुको कार्यकाल आफूलाई गठन गर्ने सम्बन्धित समिति बहाल रहेसम्म मात्र कायम रहनेछ ।....[3s]

---

[s] पहिलो संशोधनद्वारा संशोधित ।

[3s] तेश्रो संशोधनद्वारा संशोधित ।

[3s] तेश्रो संशोधनद्वारा संशोधित ।

(ग) विधानको दफा ३६ बमोजिमका विभागीय समितिहरुमा मनोनित सभापति/संयोजक तथा सदस्यहरु र सदस्य सचिव लाई गठन गर्ने सम्बन्धित कार्यसमितिले आवश्यक ठानेमा जिम्मेवारी हेरफेर तथा हटाउन सक्नेछ।......[3s]

(घ) विधानको दफा ३६ बमोजिमका विभागीय समितिहरुको सभापति/संयोजक, तथा सदस्यहरु र सदस्य -सचिव केन्द्रीय समितिले तोके बमोजिम हुनेछ। तर सदस्य-सचिवको हकमा केन्द्रीय समितिले नतोकेमा सो समितिको बैठकले चयन गर्न सक्नेछ। ......[3s]

(ङ) विधानको दफा ३६ बमोजिमका विभागीय समितिहरु मध्ये सल्लाहकार समितिमा सभापति र अन्य समितिहरुमा संयोजक १/१ जना, तथा सदस्यहरु र सबै समितिहरुमा सदस्य-सचिव १/१ जना रहनेछन। ......[3s]

(च) विधानको दफा ३६ बमोजिमका विभागीय समितिहरुको बैठक सम्बन्धित कार्य समितिलाई जानकारी गराई सामान्यतया १/१ बर्षमा बस्नु पर्नेछ। तोकिएको समय अगावै बैठक बस्न आवश्यक परेमा सम्बन्धित कार्य समितिलाई जानकारी गराई सभापति/संयोजकको सल्लाह लिई सदस्य सचिवले जुनसुकै बखत बैठक बोलाउन सक्नेछ। बैठकको अध्यक्षता सभापति/संयोजकले र बैठक सञ्चालन गर्ने काम सदस्य सचिवले गर्नेछ। ......[3t]

(छ) विधानको दफा ३६ बमोजिमका विभागीय समितिहरुले आफुलाई गठन गर्ने कार्य समितिको परामर्शमा बैठक सम्बन्धि अन्य आफ्नो कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ।[3t]

(ज) विधानको दफा ३६. बमोजिम लेखापढी व्यवसायी महिला समितिमा केन्द्रीय समितिले मनोनयन गर्दा जिल्ला समन्वय समिति र जिल्ला वा इकाई समितिका वहालवाला पदाधिकारीहरुलाई मनोनयन गर्न कुनै बाधा पर्ने छैन। ......[3t]

(झ) विधानको दफा ३६. बमोजिम विभागीय समितिहरुमा केन्द्रीय समितिले मनोनयन गर्ने व्यक्तिहरुको सम्बन्धमा जिल्ला वा इकाई समितिमा केन्द्रीय समितिले लिखित वा मौखिक जानकारी लिन सक्नेछ। ......[3t]

(ञ) काठमाडौं उपत्यका समन्वय समितिको संयोजक केन्द्रीय समितिको निर्णय बमोजिम हुनेछ। ......[3t]

४. **केन्द्रीय समितिले र जिल्ला वा इकाई समितिहरूले[3s] विभागीय समितिहरुमा मनोनयन गर्दा अपनाउनु पर्ने आधारहरु.....[s]**

(क) संस्थाको पूर्व सदस्य रही पछि बरिष्ठ अधिवक्ता, अधिवक्ता, अभिवक्ता वा अभिकर्ता भई कानून व्यवसाय गरी आएका व्यक्तिहरु।

---

[3s] तेश्रो संशोधनद्वारा संशोधित।
[3s] तेश्रो संशोधनद्वारा संशोधित।
[3s] तेश्रो संशोधनद्वारा संशोधित।
[3t] तेस्रो संशोधनद्वारा थप।
[3t] तेस्रो संशोधनद्वारा थप।
[3t] तेस्रो संशोधनद्वारा थप।
[3t] तेस्रो संशोधनद्वारा थप।
[3t] तेस्रो संशोधनद्वारा थप।
[3s] तेस्रो संशोधनद्वारा संशोधन।
[s] पहिलो संशोधनद्वारा संशोधित।

(ख) बरिष्ठ अधिवक्ता, अधिवक्ता, अभिवक्ता वा अभिकर्ताहरु ।

(ग) विषय विशेषज्ञको हैसियत प्राप्त सस्थाका सदस्य वा सदस्य बाहेकका व्यक्तिहरु ।

(घ) केन्द्रीय समितिका पर्व पदाधिकारी तथा सदस्यहरु ।

(ङ) राष्ट्रिय महाधिवेशनमा भाग लिएका प्रतिनिधिहरु ।

(च) ......* जिल्ला समन्वय समिति, जिल्ला वा इकाई समितिहरुका पूर्व अध्यक्षहरु[3s]......[s]

(छ) मानसिक अवस्था ठिक रहेको ।

(ज) कुनै कानूनले अयोग्य नभएको ।

(झ) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय नपाएको ।

(ञ) एसोसिएसनको प्रतिष्ठामा आँच आउने गतिविधि नगरेको ।

**४क. विभागीय समितिहरुको काम, कर्तव्य र अधिकार .....**[T]

(क) लेखा समितिको काम, कर्तव्य र अधिकार-

(१) सम्बन्धित समितिले राखेको लेखा सम्बन्धी बिबाद परेमा छानबीन गर्ने

(२) सम्बन्धित समितिको लेखा अनियमित भएमा छानबीन गर्ने ।

(३) आर्थिक अनियमिता भएको वा अव्यवस्थित भएको सम्बन्धमा उजुरी परेमा वा आशङ्का भएमा छानबीन गर्ने ।

(४) केन्दीय समितिको निर्देशनमा* केन्द्रीय लेखा समितिले मातहतका जुनसुकै समितिहरुको लेखा तथा हिसाबहरु चेक जाँच तथा छानबीन गर्न गराउन सक्ने ।

(५) सम्बन्धित समितिमा राख्नुपर्ने लेखा सम्बन्धमा राय, सुझाव तथा सल्लाह दिने ।

(६) आफ्नो कार्य क्षेत्र अन्तर्गतको विषयमा आवश्यकता अनुसार मौखिक वा लिखित प्रतिवेदन पेश गर्ने ।

(ख) न्यायिक समितिको काम, कर्तव्य र अधिकार-

(१) संस्थामा उत्पन्न कानूनी समस्याका सम्बन्धमा आवश्यक सर-सल्लाह दिने ।

(२) नियम, विनियम तथा निर्देशिकाहरुको मसौदाहरु तयार गर्ने ।

(३) विधान, नियम, विनियम, निर्देशिका, परिपत्रहरुको तार्किक एव उचित व्याख्या गर्न आवश्यक सर-सल्लाह दिने ।

(४) विभिन्न परिपत्र तथा लिखतका मसौदाहरु तयार गर्ने ।

(५) संस्थाले अबलम्बन गर्नु पर्ने कानूनी व्यवस्थाका सम्बन्धमा सल्लाह दिने

(६) पदाधिकारी तथा सदस्यहरुले पालना गर्नुपर्ने आचार संहिता निर्माण वा संशोधनको प्रस्ताव तयार गर्ने ।

(७) आफ्नो कार्य क्षेत्र अन्तर्गतको विषयमा आवश्यकता अनुसार मौखिक वा लिखित प्रतिवेदन

---

* दोश्रो संशोधनद्वारा थप ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[s] पहिलो संशोधनद्वारा संशोधित ।

[T] पहिलो संशोधनद्वारा थप ।

* दोश्रो संशोधनद्वारा थप ।

पेश गर्ने ।

(ग) अनुगमन समितिको काम, कर्तव्य र अधिकार-

(१) संस्थाका विभिन्न समितिहरुमा राखिएको लेखा, बैंक खाता, सदस्यताको अभिलेख लगायतका विषयमा अनुगमन गर्ने ।

(२) पदाधिकारी तथा सदस्यहरुको कार्य सम्पादनको विषयमा अनुगमन गर्ने

(३) आचार संहिताको पालना गरे नगरेको विषयमा अनुगमन गर्ने

(४) अनुशासन पालना गरे नगरेको विषयमा अनुगमन गर्ने ।

(५) संस्थाभित्र मानव अधिकारको स्थितिको अनुगमन गर्ने ।

(६) संस्थाको आन्तरिक संरचना अन्तर्गत आवश्यक देखेको अन्य कुनै पनि विषयमा छानबीन गर्ने ।

(७) आफ्नो कार्य क्षेत्र अन्तर्गतको विषयमा आवश्यकता अनुसार मौखिक वा लिखित प्रतिवेदन पेश गर्ने ।

(घ) सल्लाहकार समितिको काम, कर्तव्य र अधिकार-

(१) आचार संहिता पालनाको विषयमा सर-सल्लाह दिने ।

(२) अनुशासन पालना विषयमा सर-सल्लाह दिने ।

(३) संस्थाको आन्तरिक संरचना विषयमा सर-सल्लाह दिने ।

(४) पदाधिकारी तथा सदस्यहरुको कार्य सम्पादनको विषयमा सर सल्लाह दिने ।

(५) सम्बन्धित समितिलाई लिखित वा मौखिक रुपमा आवश्यक सल्लाह सुझाव प्रदान गर्ने ।

(६) आफ्नो कार्य क्षेत्र अन्तर्गतको विषयमा आवश्यकता अनुसार मौखिक वा लिखित प्रतिवेदन पेश गर्ने ।

(ङ) प्रचार प्रसार तथा प्रकाशन[3s] समितिको काम, कर्तव्य र अधिकार-

(१) संस्थालाई नेपाल राज्यभर र विदेशमा समेत परिचित गराउन प्रचार प्रसारको कार्य योजना तयार पार्ने ।

(२) समस्त व्यवसायीहरुका बीचमा संस्थालाई स्थापित गर्न प्रचार प्रसार गर्न अपनाउनु पर्ने नीति तयार गर्ने ।

(३) संस्थाको तर्फबाट गर्नु पर्ने विभिन्न प्रकाशनको कार्य योजना तयार पार्ने

(४) संस्थाको तर्फबाट गर्नु पर्ने प्रचार प्रसारका सामग्रीहरुको प्रकाशन समय निर्धारण गर्ने ।

(५) प्रचार प्रसारका उद्देश्यले संस्थाको तर्फबाट प्रकाशन गर्नुपर्ने पर्चा, पोष्टर, मुखपत्र, क्यालेण्डर, लोगो आदिको नमुना तयार गर्ने ।

(६) आफ्नो कार्य क्षेत्र अन्तर्गतको विषयमा आवश्यकता अनुसार मौखिक वा लिखित प्रतिवेदन पेश गर्ने ।

(च) वैदेशिक सम्बन्ध समन्वय समितिको काम, कर्तव्य र अधिकार-

(१) संस्थालाई विदेशमा परिचित गराउन कार्य योजना तयार पार्ने

(२) संस्थालाई विदेशमा प्रचार प्रसार गर्न अपनाउनु पर्ने नीति तयार पार्ने ।

---

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

(३) संस्थाको उद्देश्यसँग मेलखाने विदेशी संस्थाहरुसँग संस्थाको भाइचारा सम्बन्ध स्थापना गर्न संस्थाले अपनाउनु पर्ने नीति निर्धारण गर्ने ।

(४) संस्थाको उद्देश्यसँग मेल खाने विदेशी संस्थाहरुसँग संस्थालाई आबद्ध गराउन अपनाउनु पर्ने नीति तर्जुमा गर्ने ।

(५) आफ्नो कार्य क्षेत्र अन्तर्गतको विषयमा आवश्यकता अनुसार मौखिक वा लिखित प्रतिवेदन पेश गर्ने ।

....[x]

**(छ) मानव अधिकार समितिको काम, कर्तव्य र अधिकार–**

(१) संस्थाभित्र मानव अधिकारको विषयलाई स्थापित गर्न संस्थाले अपनाउनु पर्ने नीति तयार पार्ने ।

(२) संस्थाको विभिन्न तहमा कार्यरत साधारण सदस्य, कार्यकारी पदाधिकारी तथा सदस्यहरुले उपभोग गरिरहेको मानव अधिकार को स्थिति सम्बन्धमा सुझाव दिने ।

(३) संस्थाको विभिन्न तहमा कार्यरत साधारणसदस्य, कार्यकारी पदाधिकारी तथा सदस्यहरुबीच जात, जाति, धर्म, वर्ण, लिË पेशा, व्यवसाय आदिका आधारमा कुनै भेदभाव हुन नदिन संस्थाले अपनाउनु पर्ने नीति तयार पार्ने ।

(४) धनी, गरीब, बढी योग्यताप्राप्त, कम योग्यताप्राप्त व्यवसायीहरुबीच कुनै भेदभाव हुन नदिन संस्थाले अपनाउनु पर्ने नीति तयार पार्ने

(५) आफ्नो कार्य क्षेत्र अन्तर्गतको विषयमा आवश्यकता अनुसार मौखिक वा लिखित प्रतिवेदन पेश गर्ने ।

(६) कुनै पनि सरकारी वा गैरसरकारी निकाय वा संस्थासँग समन्वय गरी मानव अधिकार सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

**(ज) आर्थिक व्यवस्थापन समिति :...[3t]**

(१) एसोसिएसनको आर्थिक उन्नयनका लागी केन्द्रीय समितिले लिनु पर्ने नीति सम्बन्धमा र नीति कार्यन्वयनका लागि अपनाउनु पर्ने उपाय सहितको मौखिक तथा लिखित सुझाव दिने ।

(२) एसोसिएसनको निर्णय वा निर्देशनको आधारमा निश्चित भएका कार्यक्रमहरु संचालन गर्न आवश्यक रकमको बन्दोवस्त गर्नका लागि आवश्यक भूमिका निर्वाह गर्ने ।

(३) कुनै कार्यक्रम/अभियानको लागि संकलन गरिएको सहयोग रकम शुल्क, दस्तुर वा दायित्वको अभिलेख राख्न समितिलाई सहयोग पुर्‍याउने ।

(४) लेखा व्यवस्थापनको लागी सम्बन्धित समितिलाई सहयोग पुर्‍याउने ।

(५) संस्थाको उद्धेश्य प्राप्त गर्न संस्थाले निर्धारण गरेका सबै प्रकारको कार्यक्रमहरुमा आवश्यक सहयोग गर्ने ।

(६) केन्द्रीय समितिको आर्थिक स्थितिको बारेमा केन्द्रीय समितिलाई बस्तुगत जानकारी गराउने ।

**(झ) सुचना प्रबिधि तथा अभिलेख व्यवस्थापन समिति :...[3t]**

(१) सम्बन्धित समितिको कार्यालयलाई सुचना प्रविधि मैत्री बनाउन भुमिका खेल्ने

---

[x] तेस्रो संशोधनद्वारा हटाइएको ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

(२) सम्बन्धित समितिको कार्यालयलाई सुचना प्रविधि मैत्री बनाउन आवस्यक उपाय सहितको मौखिक तथा लिखित सुझाव दिने ।

(३) सम्बन्धित समितिका कागज प्रमाणहरुको अभिलेख (म्यानुअल र डिजिटलाईज्ड) व्यवस्थापन गर्न समितिलाई आवश्यक सहयोग पुऱ्याउने ।

(४) सम्बन्धित समितिको कार्यालय संचालन, अभिलेख व्यवस्थापन तथा सुचना प्रविधिको प्रयोगको अवस्थाको बारेमा बैठकलाई बस्तुगत प्रतिवेदन दिने ।

(५) संस्थाको उद्धेश्य प्राप्त गर्न संस्थाले निर्धारण गरेका सबै प्रकारको कार्यक्रमहरुमा आवश्यक सहयोग गर्ने ।

(६) सम्बन्धित समितिको निर्णय वा निर्देशन बमोजिम सुचना प्रविधि सम्बन्धी तालिम प्रशिक्षण सञ्चालन गर्ने ।"

(ञ) **निर्वाचन पर्यवेक्षण समिति.....**[3t]

(१) निर्वाचन निश्पक्ष र स्वतन्त्र गराउन सदस्यताको अभिलेख विधान र नियमावली बमोजिम चुस्त दुरुस्त राखी केन्द्रीय समितिमा पठाउँन सम्वन्धित समितिहरु लाई सहयोग गर्ने ।

(२) विधान तथा निर्वाचन नियामावली बमोजिम मातहत समितिहरुको नियमित अधिवेशन /निर्वाचन /प्रत्येक आर्थिक बर्षको साधारणसभा सम्पन्न भए नभएको जानकारी केन्द्रीय समितिलाई गराउने ।

(३) मातहत समितिको निर्वाचनको कार्यक्रम प्रकाशित भएपछि निर्वाचनको अन्तिम परिणाम घोषणा हुने अवधिमा निर्वाचनको सबै कार्यक्रमहरुको पर्यवेक्षण गरी अभिलेख राखी सो को प्रतिवेदन केन्द्रीय समितिमा पठाउने ।

(४) मातहत समितिको निर्वाचन/अधिवेशन सम्वन्धमा अन्य आवश्यक देखिएका विषयहरुमा केन्द्रीय समितिलाई सुझाव दिने । "

(५) संस्थाको उद्धेश्य प्राप्त गर्न संस्थाले निर्धारण गरेका सबै प्रकारको कार्यक्रमहरुमा आवश्यक सहयोग गर्ने ।

(**ट**) **लेखापढी व्यवसायी महिला समिति.....**[3t]

(१) सम्बन्धित समितिहरुमा आवद्ध महिला सदस्यहरुलाई व्यवसायिक मर्यादा र अनुशासन पालना गराउन भुमिका खेल्ने ।

(२) एसोसिएसनमा आवद्ध महिला सदस्यहरुको हक हित र दक्षता अभिबृद्धिको लागि कार्यक्रमहरु बनाई कार्यान्वयनको लागि सम्वन्धित समितिमा पेश गर्ने ।

(३) महिला सेवाग्राही/ग्राहकले राज्यबाट प्राप्त गर्नुपर्ने सेवा सुविधाका बारेमा संगठित रुपमा आवाज उठाउने ।

(४) महिला सेवाग्राही/ग्राहकले राज्यबाट प्राप्त गरेका राजश्व छुट, सेवामा प्राथमिकता लगायतका विषय कार्यान्वयनका लागि पहल गर्ने ।

(५) एसोसिएसनमा आवद्ध सदस्यहरु विच भातृत्व, सद्भाव र मित्रता कायम गराउन सम्वन्धित समितिबाट निर्णय भएका कार्यक्रमहरु संचालन गर्ने ।"

---

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

(६) संस्थाको उद्धेश्य प्राप्त गर्न संस्थाले निर्धारण गरेका सबै प्रकारको कार्यक्रमहरुमा आवश्यक सहयोग गर्ने ।

**४ख. निवर्तमान अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**[*]

(क) संस्थाको संरक्षकको भुमिका निर्वाह गर्ने ।

(ख) केन्द्रीय समितिको बैठक, सचिवालयको बैठक, राष्ट्रिय परिषदको बैठक, राष्ट्रिय महाधिवेशनमा सहभागी हुने ।

(ग) संगठनात्मक सुदृढिकरणको निम्ति आवश्यक कार्यहरुगर्ने ।

(घ) केन्द्रीय समितिलाई आवश्यक सुझाबहरु दिने ।

(ङ) संस्थाले दिएको विशेष जिम्मेवारी पुरा गर्ने ।

**४ग. बरबुझारथ सम्वन्धमा**[*]

क) राष्ट्रिय महाधिवेशनबाट निर्वाचित भएको केन्द्रीय समितिलाइ निवर्तमान केन्द्रीय समितिले निर्वाचन भएको मितिले एक महिना भित्रमा, मातहत समितिहरुको हकमा निर्वाचन सम्पन्न भएको वा नयाँ कार्यसमिति गठन भएको मितिले १५ दिनभित्रमा सम्वन्धित समितिको सम्पुर्ण सम्पत्ति, दायित्व तथा अभिलेखहरु बरबुझारथ गर्नु गराउनु पर्नेछ ।

(ख) समितिको कुनै पदमा वहाल रहेको पदाधिकारी तथा सदस्यको पद मुक्त भएको अवस्थामा सम्वन्धित समितिले तोकेको समयावधि भित्र निजले आफू जिम्मा रहेको सम्पत्ति, दायित्व र अभिलेखहरु बरबुझारथ गर्नु पर्नेछ ।

**४घ. निर्देशनको पालना**[*] **र अन्य व्यवस्था...**[3t]

(क) केन्द्रीय समितिको निति, निर्देशन पालना गर्नु मातहत समितिहरुको कर्तव्य हुनेछ ।

(ख) एसोसिएसनको बिधान तथा नियमावली बमोजिम गर्नुपर्ने काम नगरेमा वा नगर्नुपर्ने काम गरेमा वा केन्द्रीय समितिको नीति, निर्देशनको वर्खीलाप हुने गरी कुनै काम कारबाही गरेमा केन्द्रीय समितिले त्यस्ता समिति बिघटन गरी अर्को निर्वाचन गर्न तदर्थ समिति गठन गर्न सक्नेछ ।

(ग) नियम ख बमोजिम कुनै पनि समितिलाई बिघटन गर्नु अघि त्यस्तो समितिलाई मनासिव सूनवाइको मौका प्रदान गर्नु पर्नेछ ।

(घ) उपनियम (ख) बमोजिम गठन भएको तदर्थ समितिले एसोसिएसनका विधान तथा नियमावलीको अधीनमा रही केन्द्रीय समितिले तोकेको समयभित्र निर्वाचन सम्पन्न गर्नु पर्नेछ ।

(ङ) मातहत जिल्ला/इकाई समितिहरुले विधानको दफा १३को (क) (१)बमोजिम गठन भएको समितिमा सोही व्यवस्था बमोजिम र ऐ ऐ को (२) बमोजिम गठन भएको समितिमा सोही व्यवस्था बमोजिम सम्बन्धित कार्यक्षेत्रमा कार्यरत सदस्य व्यवसायीहरुलाई मात्र सदस्यता प्रदान तथा नविकरण गर्नु गराउनु पर्नेछ। अन्यथा गरे भएको रहेछ भने सम्बन्धीत कार्यसमितिका बहालवाला जिम्मेवार पदाधीकारी तथा सदस्यहरुलाई केन्द्रीय समितिले विधान र नियमावलीहरु बमोजिम निलम्बन गरी माथि उल्लेख भए बमोजिको व्यवस्था कार्यान्वयन गर्न सक्नेछ ।......[3t]

(च) मातहत जिल्ला/इकाई समितिहरुको नियमित अधिवेशन तथा बाार्षिक साधारण सभाको

---

[*] दोश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

बन्दसत्रबाट पारित भएका निर्णयहरु सम्बन्धीत कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुले अनिवार्य पालना गरी पारित प्रस्तावहरु तथा निर्णय कार्यान्वयन गर्नु पर्नेछ । नगरेको पाइएमा विधान र नियमावलीहरु बमोजीम सम्बन्धीत कार्य समितिका बहालवाला जिम्मेवार पदाधिकारी तथा सदस्यहरुलाई केन्द्रीय समितिले निलम्बन गरी कार्यान्वयन गर्न सक्नेछ ।......[3t]

(छ) मातहत समितिको बार्षिक साधारण सभा, अधिवेशन (निर्वाचन), बैठक, भेला तथा प्रशिक्षण लगायतका अन्य कार्यक्रमहरु सञ्चालन गर्दा केन्द्रीय समितिबाट प्रतिनिधित्व गर्ने पदाधिकारीको अनुमतिमा कार्यक्रमको तालिका निर्धारण गराई सञ्चालन गर्नुपर्नेछ ।......[3t]

(ज) उपनियम (छ) बमोजिमका कार्यक्रमहरुमा केन्द्रीय समितिका एकै तहका पदाधिकारी तथा सदस्यहरु उपस्थित हुँदा केन्द्रीय समितिका सम्बन्धित प्रदेशको जिम्मेवार पदाधिकारी तथा सदस्यहरुलाई प्राथमिकता दिनु पर्नेछ ।......[3t]

(झ) विधान बमोजिमका इकाई वा जिल्ला समिति, जिल्ला समन्वय समितिहरु लाई केन्द्रीय समितिको मातहतका समितिहरुको रुपमा केन्द्रीय समितिबाट यसै नियमावलीको अनुसूची-१ बमोजिमको आबद्धता प्रमाण-पत्र दिईनेछ ।......[3t]

(ञ) विधानको दफा १३ को (क) को (१) र (२) बमोजिम इकाई वा जिल्ला समिति गठन गर्न परेमा सम्बन्धित समितिमा आवद्ध हुन चाहने योग्यता पुगेका व्यक्तिहरुको प्रारम्भिक भेलाको निर्णय सहित अनुसुचि ६ बमोजिमको ढाँचामा केन्द्रीय समितिमा आवेदन प्राप्त भएमा केन्द्रीय समितिले सो गठन हुने समितिलाई केन्द्रीय समितिमा आवद्ध गराई अनुसुचि– १ बमोजिमको आवद्धता प्रमाण–पत्र प्रदान गर्नेछ ।......[3t]

(ट) नियम (झ) र (ञ) बमोजिम आवद्धता प्रमाण-पत्र प्राप्त गरेका मातहत समितिहरुले निम्न बमोजिमका कार्यहरु गर्नुपर्नेछ ।......[3t]

१) एसोसिएसनको विधान, २०६३ एवं नियम उपनियमहरु तथा राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषदको बैठक तथा केन्द्रीय समितिबाट निर्धारण भएका निति नियमहरुको पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

२) विधान बमोजिम बार्षिक साधारण सभा, अधिवेशन (निर्वाचन) र भेला गर्नु गराउनु पर्नेछ ।

३) साधारण र आजीवन सदस्यहरुको फोटो सहितको सदस्यता अभिलेख राखी साधारण सदस्यहरुको प्रत्येक आ.व. मा विधान बमोजिम नविकरण गराई सो को विवरण अनुसुचि–५ बमोजिमको ढाँचामा प्रत्येक बर्षको चैत्र मसान्त भित्रमा केन्द्रीय समितिमा पठाउनु पर्नेछ ।

४) विधान अनुसारको दायित्व, नयाँ सदस्यता शुल्क र सदस्यता नविकरण शुल्क केन्द्रीय समितिमा बुझाउनु पर्नेछ ।

५) प्रत्येक आ.व.मा नविकरण भएका सदस्यहरु र थप भएका सदस्यहरुको नामावली केन्द्रीय

---

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

समितिमा बुझाउनु पर्नेछ ।

६) मृत्यू भई वा स्वेच्छिक रुपमा सदस्यता त्याग गरेका वा स्थानान्तरण भएका वा अनुशासनको कारवाहीमा परि सदस्यता निलम्वन वा खारेज भएका सदस्यहरुको अभिलेख व्यवस्थापन गरि सो को नामावली ३ महिना भित्रमा केन्द्रीय समितिमा पठाउनु पर्नेछ ।

७) केन्द्रीय समितिको सहमतिमा सम्बन्धीत आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नं. ( PAN) लिई प्रत्येक आ.ब. को आर्थिक कारोबारको लेखापरिक्षण गराई लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाण-पत्र लिई सो को प्रतिलीपी र बैंक खाता नं. सहितको जानकारी केन्द्रीय समितिमा पठाउनु पर्नेछ ।

८) स्थापना देखी हालसम्म सम्पन्न भएका अधिवेशनहरुबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरु र प्रथम राष्ट्रिय भेला, राष्ट्रिय परिषद र राष्ट्रिय महाधिवेशनहरुमा सहभागी भएका प्रतिनिधिहरुको नामावली केन्द्रीय समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

(ठ) विधान र नियमावली बमोजिम योग्यता भएको लेखापढी व्यवसायीलाई साधारण सदस्यता प्रदान गर्दा जिल्ला/इकाई समितिले यस नियमावलीको अनुसूची-२ बमोजिमको ढाँचामा सदस्यता आवेदन फाराम भराई, कार्यसमितिबाट निर्णय गर्नुपर्नेछ ।......[3t]

(ड) नियम (ठ) बमोजिम सदस्यता प्राप्त गरेको सदस्यलाई अनुसुचि-३ बमोजिमको सदस्यता परिचय-पत्र प्रदान गर्नु पर्नेछ ।......[3t]

(ढ) जिल्ला वा इकाई समितिले यस नियमावलीको अनुसूची-४ बमोजिमको सदस्यता अभिलेख राखी प्रत्येक आ.व.मा साधारण सदस्यता नविकरण गर्नु गराउनु पर्नेछ । ......[3t]

(ण) नियम (ढ) बमोजिमको सदस्यताको अभिलेख र बार्षिक नविकरण भएको विवरण सम्बन्धित समितिले केन्द्रीय समितिमा पठाउनु पर्नेछ । ......[3t]

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

“अनुसुची-१...... [3t]

नियम ४घ. को उपनियम (झ) सँग सम्बन्धित

संस्थाको लोगो संस्था दर्ता नं. ७८४/०६२/६३

केन्द्रीय समितिको शुरु दर्ता नं. ६७३ (वि.सं.२०५२/०५३)

मुल नारा:-

**नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन**

**केन्द्रीय समिति**

**समिति आवद्धता प्रमाण–पत्र**

संस्था दर्ता ऐन,२०३४ बमोजिम जिल्ला प्रसाशन कार्यालय, काठमाडौको दर्ता नं. ६७३/०५२/५३ मिति २०५३/०२/११ मा दर्ता भएको साविकको लेखापढी ब्यवसायी समितीको बिधान २०५२ बमोजिम भए गरेका काम कारवाहीहरु यसै विधान बमोजिम भए गरे सरह मानिने र लेखापढी व्यवसायी समितिको सम्पती तथा दायित्व स्वतःनेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनमा सर्ने गरी राष्ट्रिय निर्देशन ऐन,२०१८ बमोजिम नेपाल सरकार, गृह मन्त्रालयको स्विकृतिमा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा राष्ट्रिय स्तरको पेशागत संगठनको रुपमा द.नं. ७८४/०६२/६३ मिति २०६३/०२/२९ मा दर्ता रहेको यस नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान,२०६३ को दफा १३. को (क) को (१) र(२) र (क१) बमोजिम नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन,.................इकाई समिति/जिल्ला समिति/जिल्ला समन्वय समिति लाई एसोसिएसनको विधान,तथा नियमावलीहरु बमोजिम मातहत समितिको रुपमा सञ्चालन हुने गरी केन्द्रीय समितिमा आवद्ध गरी आन्तरिक कार्यव्यवस्था सञ्चालन नियमावली, २०६४ को नियम ४घ. को (झ) बमोजिम यो आवद्धता प्रमाण-पत्र प्रदान गरिएको छ ।

स्थापना मितिः-...........................

केन्द्रीय समितिमा आवद्ध भएको मितिः-.................

| .................... | .................... | ..................... |
|---|---|---|
| कोषाध्यक्ष | महासचिव | अध्यक्ष |

मितिः-.....................

नोटः- आवद्ध समितिहरुले निम्न बमोजिमका कार्यहरु गर्नु पर्नेछ :-

१) एसोसिएसनको विधान, २०६३ एवं नियम उपनियमहरु तथा राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषदको बैठक तथा केन्द्रीय समितिबाट निर्धारण भएका निति नियमहरुको पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

२) विधान बमोजिम बार्षिक साधारण सभा, अधिवेशन (निर्वाचन) र भेला गर्नु गराउनु पर्नेछ ।

---

[3t] तेस्रो संशोधनद्वारा थप ।

३) साधारण र आजीवन सदस्यहरुको फोटो सहितको सदस्यता अभिलेख राखी साधारण सदस्यहरुको प्रत्येक आ.व. मा विधान बमोजिम नविकरण गराई सो को विवरण अनुसुचि ५ बमोजिम प्रत्येक बर्षको चैत्र मसान्त भित्रमा केन्द्रीय समितिमा पठाउनु पर्नेछ ।

४) विधान अनुसारको दायित्व, नयाँ सदस्यता शुल्क र बार्षिक सदस्यता नविकरण शुल्क केन्द्रीय समितिमा बुझाउनु पर्नेछ ।

५) प्रत्येक आ.व.मा नविकरण भएका सदस्यहरु र थप भएका सदस्यहरुको नामावली केन्द्रीय समितिमा बुझाउनु पर्नेछ ।

६) मृत्यृ भई वा स्वेच्छिक रुपमा सदस्यता त्याग गरेका वा स्थानान्तरण भएका वा अनुशासनको कारवाहीमा परि सदस्यता निलम्वन वा खारेज भएका सदस्यहरुको अभिलेख व्यवस्थापन गरि सो को नामावली ३ महिना भित्रमा केन्द्रीय समितिमा पठाउनु पर्नेछ ।

७) केन्द्रीय समितिको सहमतिमा सम्बन्धीत आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नं. (PAN) लिई प्रत्येक आ.ब.को आर्थिक कारोबारको लेखापरिक्षण गराई लेखा परिक्षण प्रतिवेदन र करचुक्ता प्रमाण-पत्र लिई सो को प्रतिलीपी र बैंक खाता नं. सहितको जानकारी केन्द्रीय समितिमा पठाउनु पर्नेछ ।

८) स्थापना देखी हालसम्म सम्पन्न भएका अधिवेशनहरुबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरु र प्रथम राष्ट्रिय भेला, राष्ट्रिय परिषद र राष्ट्रिय महाधिवेशनहरुमा सहभागी भएका प्रतिनिधिहरुको नामावली केन्द्रीय समितिलाई उपलब्ध गराउनु पर्नेछ ।

"अनुसुची-२.....[3t]

नियम ४घ. को उपनियम (ठ) सँग सम्बन्धित

## साधारण सदस्यता आवेदन फाराम

श्री अध्यक्षज्यू,                    मितिः-........................

नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन,

........................समिति.................।

### विषय :– सदस्यता पाउँ।

उपरोक्त सम्बन्धमा म निवेदकले .........................जिल्ला अदालतबाट मिति..............मा लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१ बमोजिम अड्डा अदालतमा लेखापढीको काम गर्न प्रमाणपत्र प्राप्त गरी लेखापढी व्यवसाय गरी आएको छु र यो व्यवसायलाई निरन्तरता दिने मनसाय राखी एसोसिएसनमा आबद्ध हुन चाहान्छु। मलाई सदस्यता प्राप्त भएमा म एसोसिएसनको विधान,नियम र निर्णयहरु पूर्ण रुपमा पालना गर्नेछु। निवेदन बापत लाग्ने दस्तुर यसै साथ छ। सदस्यता बापत लाग्ने दस्तुर बुझाउन मञ्जुर गर्दछु। साधारण सदस्यता पाउँ।

**संलग्न कागज प्रमाणहरु**

१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

२) ............जिल्ला अदालतबाट प्राप्त गरेको लेखापढीको प्रमाण-पत्र प्रतिलिपि

३) ३ प्रति फोटो

४) शैक्षिक योग्यताको प्रमाण–पत्रको सक्कल प्रतिलिपि

**आवेदक**

नाम, थर :- ..................................................

लेखापढी प्र.प.नं. ................जारि मिति...........जिल्ला........

ना.प्र.नं. ..........जारि मिति..........जिल्ला .................

जन्ममितिः- ....................

स्थायी ठेगानाः-................ हालको ठेगानाः-............................

बाबु/पतिको नामः- .......... बाजे/ससुराको नाम...................

मोवाईल नं.ः-.......................... इमेलः- ...........................

स्थायी लेखा नम्बर (PAN) :- .......................

[3t] तेस्रो संशोधनद्वारा थप।

निवेदक

नाम..................................

दस्तखत ............................

दा. वा.

सिफारिस गर्ने :- (एसोसिएसनमा आवद्ध सदस्यले सिफारिस गर्नुपर्ने)

आवेदकलाई म राम्ररी चिन्दछु। निजको आचरण व्यवहार राम्रो छ। सदस्यता प्रदान गरि दिनुहुन सिफारिस गर्दछु।

हस्ताक्षर.......................................

नाम, थर :-...........................................................

स्थायी ठेगानाः-............. ........

हालको ठेगानाः-............................

सदस्य नं. :- ...................................................

प्र.प.नं. :-..................... जारी मिति............................

जिल्ला...........................................................

मोबाइल नं. ...................................................

"अनुसुची-३.....[3t]

नियम ४घ. को उपनियम (ड) सँग सम्बन्धित

संस्थाको लोगो

संस्था दर्ता नं.७८४/०६२/६३ (स्थापना वि.सं.२०५२)

मुल नाराः-

**नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन,**

२०६३

..................... समिति ..................

परिचयपत्र........................ फोटो

नाम,थर :.....................................................

पद :............................................................

प्र.प.नं................मिति................जिल्ला.................

ना.प्र.प.नं............मिति................जिल्ला..................

स्थायी लेखा नम्बर (PAN) :- .....................

................... ..........................

प्रमाण पत्र पाउनेको सही प्रमाण पत्र दिनेको सहि

(नाम,थर र पद)

**नविकरण**

| मिति | मान्य अवधि | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|
| | | |
| | | |

[3t] तेस्रो संशोधनद्वारा थप ।

“अनुसुची-४......[3t]

नियम ४घ. को उपनियम (ढ) सँग सम्बन्धित

**सदस्यता दर्ता अभिलेख**

सदस्य नं. ............. सदस्यता स्विकृत भएको मिति.........................

फोटो

सदस्यको नाम,थर :-...............................................

ठेगाना :-

क) स्थायी :-

ख) अस्थायी :-

प्रमाणपत्र नं.................. प्रमाणपत्र लिएको जिल्ला अदालतको नाम................................

प्रमाणपत्र लिएको मिति :- ................................

बाबु/पतिको नामः-.......................................

बाजे/ससुराको नामः- ....................................

आमाको नामः- ..........................................

पति/पत्निको नामः-.......................................

नागरिकता प्रमाणपत्र नं. ............... मिति..............

जिल्ला ........

सदस्यको हस्ताक्षर............ मोबाईल नं. ................

सदस्यता प्रदान गर्ने पदाधिकारीको नाम,थर.................. पद.......................
हस्ताक्षर........................

मितिः- .....................

**नविकरण**

| क्र.सं. | मिति | मान्य अवधि | नविकरण दस्तुर | रसिद नं. | नविकरण गर्नेको नाम, थर हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

[3t] तेस्रो संशोधनद्वारा थप ।

अनुसुची-५......[3t]

नियम ४(घ) को उपनियम (ट) (३) सँग सम्बन्धित

इकाई/जिल्ला समितिको नामः- नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन,...................... समिति

स्थापना मितिः-.........केन्द्रीय समितिमा आवद्ध भएको मिति............

जम्मा सदस्य संख्याः- ..........यस आ.व..........मा नविकरण भएको /थप भएको सदस्य संख्या

| **नविकरण भएको सदस्यहरुः** | **यस आ.व.मा थप भएका सदस्यहरुः** |
|---|---|
| १) | १) |
| २) | २) |
| ३) | ३) |

(क्रमश थप गर्दै जाने )

यस आ.व. मा थप भएका जम्मा सदस्य ......जनाको प्रति सदस्य रु १,००० का दरले हुन आउने जम्मा रकम रु ......अक्षरेपी ................र नविकरण भएको सदस्य संख्या जम्मा .......जनाको प्रति सदस्य रु २०० ले हुन आउने जम्मा रु .....अक्षरेपी .................र यस समितिको आ.व..................को ( पूँजिगत खर्च र भलाई कोष/सदस्य बचत कोषमा जम्मा भएको रकम बाहेक अन्य खर्च नकटाई भएको कुल आम्दानीको विधानको दफा ३०.(ख) बमोजिमको प्रतिशतले हुन आउने जम्मा रु ........अक्षरेपी ...............यसै साथ नगद/केन्द्रीय समितिको नामको रा.वा.बैंक विशालबजार शाखाको खाता नं. १०९०१००००९६००१ मा जम्मा गरी सो को भौचरको प्रतिलिपी र आ.व.............को लेखापरीक्षण प्रतिवेदन साथै संलग्न गरि पठाईएको छ ।

| कोषाध्यक्ष | सचिव | अध्यक्ष |
|---|---|---|
| ............... | ........... | ............ |
| नाम,थरः- | नाम,थरः- | नाम,थरः- |
| मो.नं.ः- | मो.नं.ः- | मो.नं.ः- |

समितिको छाप

[3t] तेस्रो संशोधनद्वारा थप ।

“अनुसुची-६.....[3t]

**नियम ४घ. को (ञ) सँग सम्बन्धित**

श्रीमान अध्यक्ष ज्यू,
नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन ,केन्द्रीय समिती, काठमाडौ

**विषयः– आवद्धता प्रमाण–पत्र पाऊँ ।**

संस्था दर्ता ऐन,२०३४ बमोजिम जिल्ला प्रसाशन कार्यालय, काठमाडौको दर्ता नं. ६७३/०५२/५३ मिति २०५३/०२/११ मा दर्ता भएको साविकको लेखापढी ब्यवसायी समितीको बिधान २०५२ बमोजिम भए गरेका काम कारवाहीहरु यसै विधान बमोजिम भए गरे सरह मानिने र लेखापढी ब्यवसायी समितिको सम्पती तथा दायित्व स्वतःनेपाल लेखापढी कानून ब्यवसायी एसोसिएसनमा सर्ने गरी राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन नामाकरण गरि संचालन गर्ने गरी एसोसिएसनको चौथो राष्ट्रिय महाधिवेशनबाट निर्णय भई नेपाल लेखापढी कानून ब्यवसायी एसोसिएसनको विधान,२०६३ पारित भई जिल्ला प्रशासन कार्यालय,काठमाडौमा दर्ता नम्बर ७८४/ २०६२/०६३ मा दर्ता भएको नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको मातहत समितिको रुपमा सञ्चालन गर्ने गरी यस समितिलाई एसोसिएसनको विधान २०६३ को दफा १३.(क) को (१) र (२) तथा आन्तरिक कार्य ब्यवस्था सञ्चालन नियमावली,२०६४ को नियम ४घ. को (झ) बमोजिम केन्द्रीय समितीमा आवद्ध गरी आवद्धता प्रमाण पत्र पाँउ ।

**संलग्न कागजातहरु**

१. प्रारम्भिक भेलाको निर्णयको प्रमाणित प्रतिलिपी

२. आवद्ध हुन चाहने व्यक्तिहरुको जिल्ला अदालतबाट प्राप्त लेखापढीको प्रमाण–पत्रको प्रतिलिपी

३. आवद्ध हुन चाहने व्यक्तिहरुको नागरिकताको प्रमाण–पत्र

मिति................ आवेदक

नाम,थरः..............

(संयोजक)

मोबाइल नम्बरः........

५. **संशोधन, खारेजी र बचाउ**

(क) यस नियमावलीको कुनै शाब्दिक र व्याकरणगत त्रुटिलाई सच्याउने तथा नियम उपनियमलाई संशोधन गर्ने अधिकार केन्द्रीय समितिमा हुनेछ ।

(ख) नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ र प्रचलित नेपाल कानूनसँग

[3t] तेस्रो संशोधनद्वारा थप ।

बाभिएका नियम उपनियमहरु स्वतः खारेज तथा निष्क्रिय हुनेछन् ।

(ग) एसोसिएसनको बृहत्तर हित र विकासको लागि यस नियमावलीमा उल्लिखित कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(घ) नेपाल लेखापढी व्यवसायी समितिबाट मिति २०६०।११।२ मा निर्णय भई कायान्वयनमा रहको आन्तरिक कार्य व्यवस्था सचालन नियमावली, २०६० खारेज गरिएको छ ।

(ङ) नेपाल लेखापढी व्यवसायी समितिको आन्तरिक कार्य व्यवस्था सचालन नियमावली, २०६० बमोजिम भए गरेका काम कारबाहीहरु यसै नियमावली बमोजिम भए गरे सरह मानिनेछ ।

# आर्थिक नियमावली, २०६४

निर्णय मिति २०६४।२।११।६

पहिलो संशोधन मिति २०६७।८।२५

दोश्रो संशोधन मिति २०७५।०५।१५

तेस्रो संशोधन मिति : २०८०।०४।१९

नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन केन्द्रीय समितिले देहायका नियमहरु बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यी नियमहरुको नाम "आर्थिक नियमावली २०६४" रहेको छ ।

(ख) यो नियमावली नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन, केन्द्रीय समितिले पारित गरी लागू गर्न निर्णय गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

(क) "ऐन" भन्नाले नेपाल कानून व्यवसायी परिषद् ऐन २०५० लाई सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले लेखापढी व्यवसायी सम्बन्धी नियमावली २०५१ लाई सम्झनु पर्छ ।

(ग) "विधान" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ लाई सम्झनु पर्छ ।

(घ) "अड्डा" भन्नाले न्यायिक एवं अर्धन्यायिक निकायलाई सम्झनु पर्छ ।

(ङ) "एसोसिएसन" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनलाई सम्झनु पर्छ ।

(च) "व्यवसायी" भन्नाले अड्डा अदालतमा लेखापढी गर्न प्रमाण-पत्र पाई लेखापढी व्यवसायलाई नै पेशा बनाई व्यवसाय गरी आएको व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "आचार सहिता" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको आचार संहिता २०६४ लाई सम्झनुपर्छ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले एसोसिएसनको विधान, नियमावली, बिनियम, निर्णय, परिपत्रका आधारमा सम्बन्धित समिति द्वारा तोकिएको दायित्व समेतलाई सम्झनु पर्दछ ।

**३. उद्देश्य**

यस आथिक नियमद्वारा नेपाल राज्यभरका अड्डा अदालतहरुमा लेखापढीका कामकाज गर्ने लेखापढी व्यवसायीहरुको प्रतिनिधिमूलक संगठन नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको केन्द्रीय समिति र मातहतका.....[S] समितिहरुबीच सुसम्बन्ध र समन्वय कायम गरी एसोसिएसनको आर्थिक व्यवस्थालाई सदृढ, व्यवस्थित एवं सक्षम पार्नु यस नियमावलीको मूल उद्देश्य हुनेछ ।

**४. लागू हुने**

यो नियमावली नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको केन्द्रीय

---

[S] पहिलो संशोधनद्वारा संशोधित ।

समिति र मातहतका .....[s] समितिहरुमा आबद्ध सदस्य व्यवसायीहरुलाई लागू हुन्छ ।

**५. आम्दानी सम्बन्धी व्यवस्था.....**[s]

(क) केन्द्रीय समितिको आर्थिक श्रोतः

१. विधान, नियावली, लोगो तथा अन्य प्रकाशनहरु बिक्रिबाट प्राप्त हुने रकम ।

२. मातहतका समितिहरुबाट बिधान तथा यस नियमावली बमोजिम प्राप्त हुने रकम ।

३. बिभिन्न ढाचाका निवेदन तथा...[3s] लिखतका मसौदा एवं नमुनाहरु प्रकाशन तथा..[3s] बिक्रिबाट प्राप्त हुने रकम ।

४. बिधानको दफा २६ को उप दफा (क) को देहाय २, ३, ४, ५ र ६....[3s] बमोजिम प्राप्त हुने रकम ।

५. बिबिध रकम ।

(ख) प्रदेश समिति,[#] काठमाण्डौ उपत्यका समन्वय समिति र जिल्ला समन्वय समितिको आर्थिक श्रोतः

१. मातहतका समितिहरुबाट बिधान तथा यस नियमावली बमोजिम प्राप्त हुने रकम ।

२. सम्बन्धित समितिको लागि उठाईएको रकम ।

३. व्यवसायिक हितमूलक कार्य गर्दा प्राप्त हुने रकम ।

४. ......[3x]

५. बिभिन्न प्रकाशनहरु बिक्री गर्दा प्राप्त हुने रकम ।

६. स्वैच्छिक दान, चन्दा, पुरस्कारबाट प्राप्त हुने रकम ।

७. बिबिध रकम ।

(ग) जिल्ला वा इकाई समितिको आर्थिक श्रोतः

१. सदस्यता शुल्क ।

२. नविकरण दस्तुर ।

३. व्यवसायिक हितमूलक प्रकाशनहरु बिक्री गर्दा वा बिज्ञापन प्रकाशन गर्दा प्राप्त हुने रकम ।

४. सांस्कृतिक कार्यक्रमहरु आयोजना गरिएमा सो बाट प्राप्त हुने रकम ।

५. केन्द्रीय समितिको निर्देशन वा आवश्यकताअनुसारका....[3s] विभिन्न ढाँचाका निवेदन तथा...[3s]

---

[s] पहिलो संशोधनद्वारा संशोधित ।

[s] पहिलो संशोधनद्वारा संशोधित ।

[3s] तेश्रो संशोधनद्वारा संशोधित

[3s] तेश्रो संशोधनद्वारा संशोधित

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[#] दोश्रो संशोधनद्वारा संशोधित ।

[3x] तेस्रो संशोधनद्वारा खारेज ।

लिखतका मसौदा एवं नमुनाहरु प्रकाशन तथा बिक्रीबाट प्राप्त हुने रकम ।

६. स्वैच्छिक दान, चन्दा, पुरस्कारबाट प्राप्त हुने रकम ।

७. बिबिध रकम ।

**६. खर्च सम्बन्धी व्यवस्था** .....[S]

(१) बैठक तथा अन्य कार्यक्रमहरुमा भाग लिने सहभागीहरुको निमित्त केन्दीय समितिले व्यहोर्ने खर्च संस्थाको सदस्य नरहेका बिधानको दफा ३६ बमोजिमका केन्द्रीय, बिभागीय समितिका पदाधिाकारी तथा सदस्यहरुले बैठक भेला सेमिनार, गोष्ठी, प्रशिक्षण वा संगठनसँग सम्बन्धित अन्य कायक्रमहरुमा भाग लिन जाँदा आउँदा लागेको यातायात तथा खाने बस्ने खर्च बापत दैनिक रु.२,०००/- का दरले हुने रकम ।

(२) बैठक तथा अन्य कार्यक्रमहरुमा भाग लिने सहभागीहरुको निमित्त मातहतका समितिले व्यहोर्ने खर्च देहायका कार्यक्रमहरुमा सहभागी हुने पदाधिकारी वा सदस्य वा प्रतिनिधि वा सहभागीहरुलाई निजहरु सदस्य रहेको सम्बन्धित समितिले यातायात तथा खाने बस्ने खर्च बापत दैनिक रु.२,०००/- का दरले उपलब्ध गराउनु पर्नेछ-

(क) राष्ट्रिय महाधिवेशनमा सहभागी हुने केन्द्रीय समितिका पदाधिकारी तथा सदस्य, बिधानको दफा ३६ बमोजिमका विभागीय समितिका प्रतिनिधिहरु र मातहतका समितिहरुबाट सहभागी हने प्रतिनिधिहरु,

(ख) राष्ट्रिय परिषद्को बैठकमा जुनसुकै तहबाट सहभागी हुने पार्षदहरु,

(ग) केन्द्रीय समितिको बैठक वा केन्द्रीय समितिले तोकिदिए बमोजिम विभागीय समितिहरुको बैठकमा सहभागी हुने पदाधिकारी तथा सदस्यहरु,

(घ) केन्द्रीय समिति र माताहतका समितिहरुबाट बिभिन्न भेला, सेमिनार, गोष्ठी, प्रशिक्षण वा संगठनसँग सम्बन्धित अन्य कार्यक्रमहरुमा सहभागी हुने पदाधिकारीहरु तथा सदस्यहरु,

(ङ) प्रदेश[#] समितिको बैठकमा सहभागी हुने पदाधिकारी तथा सदस्यहरु ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा उल्लेख भएको भएता पनि जिल्लाभित्र वा काठमाण्डौ उपत्यकाभित्र बैठक, भेला, सेमिनार, गोष्ठी, प्रशिक्षण वा संगठनसँग सम्बन्धित अन्य कार्यक्रमहरु भएकोमा त्यस क्षेत्रभित्रका सहभागीहरुलाई माथि लेखिए बमोजिमको खर्च उपलब्ध गराउनु पर्ने छैन ।

**७. विधानको दफा २६ बमोजिमको कोषबाट व्ययभार हुने खर्चहरु**

(क) विधानको दफा १५, १६ र १७ मा उल्लिखित व्यवस्थाको अधीनमा रही केन्द्रीय समितिको बैठक खर्च, राष्ट्रिय परिषदको बैठक खर्च, विधानको प्रकाशन, लोगो निर्माण, साइनबोर्ड, कर्नर प्लेट, नेमबोर्ड, कर्मचारीको तलब, लेटरप्याड छपाई, छाप, फर्निचर, पानी, बिजुली, टेलिफोन, माइन्यट बुक,

---

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[#] दोस्रो संशोधनद्वारा संशोधित ।

आय-व्यय पुस्तिका, अफिस भाडा, सूचना पाटी, मसलन्द इत्यादिमा हुने खर्च ।

(ख) केन्द्रीय समितिका पदाधिकारी एवं सदस्यहरु, बिधानको दफा ३६ बमोजिमका समितिहरुका पदाधिकारी तथा सदस्यहरु र अन्य सदस्य व्यवसायीहरुलाई केन्द्रीय समितिले विभिन्न जिल्लामा संगठन निर्माण वा विस्तार, अधिवेशन वा साधारण सभा, प्रचार प्रसार, प्रशिक्षण, गोष्ठी लगायतका अन्य कामको सिलसिलामा खटाई पठाएमा जाँदा आउँदा लागेको यातायात तथा खाने बस्ने खर्च बापत दैनिक रु.२,०००।- का दरले हुने रकम केन्द्रीय समितिले व्यहोर्ने छ । .....[S]

(ग) संगठनको कामको लागि केन्द्रीय पदाधिकारी एवं सदस्य, विभागीय समितिका पदाधिकारी तथा सदस्य र मातहतका समितिका पदाधिकारी तथा सदस्य तथा अन्य सदस्य व्यवसायीलाई खटाई पठाएकोमा निज आकष्मिक दुर्घटनामा परी घाइते भएमा त्यसरी काममा खटाउने सम्बन्धित समितिले निर्णय गरी रु.२००।- भन्दामाथि रु.१५,०००।- सम्मको उपचार खर्च दिनेछ ।.....[S]

(घ) संगठनको कामको लागि केन्द्रीय पदाधिकारी एवं सदस्य, विभागीय समितिका पदाधिकारी तथा सदस्य र मातहतका समितिका पदाधिकारी तथा सदस्य तथा अन्य सदस्य व्यवसायीलाई खटाई पठाएकोमा निज आकष्मिक दुर्घटनामा परी मृत्यु भएमा त्यसरी काममा खटाउन सम्बन्धित समितिले निर्णय गरी निजको पासपोर्ट साईजको फोटो राखी कुनै राष्ट्रिय दैनिक पत्रिकामा श्रद्धाञ्जली वा समवेदना प्रकाशन गरी नगद रु.२५,०००।- सम्म निजको आश्रित परिवालाई राहत स्वरुप उपलब्ध गराउने छ ।.....[s]

(ङ) केन्द्रीय समितिको कार्यालय एवं केन्द्रीय सचिवालयमा बसेर अध्ययन गर्ने प्रयोजनको लागि सम्बन्धित क्षेत्रका ऐन कानूनका पुस्तकहरु, राजपत्रहरु, परिपत्रहरु, गोरखापत्र र अन्य समाचार पत्रहरु नियमित रुपमा पढन पाउने व्यवस्था गर्न लाग्ने खर्च ।

(च) केन्द्रीय समितिलाई मातहतका समितिबाट नियमित अधिवेशन वा अन्य कुनै कार्यक्रमको प्रमुख अतिथि वा बिशेष अतिथि वा अतिथिका रुपमा उपस्थित हुन लेखिई आएमा केन्द्रीय समितिबाट खटिई जाने पदाधिकारी तथा सदस्यलाई जान आउन लाग्ने खर्च र प्रमुख आतिथ्य वा बिशेष आतिथ्य वा आतिथ्य ग्रहण गरेको प्रतिदिनको रु.२,०००।- आमन्त्रण गर्ने सम्बन्धित समितिले उपलब्ध गराउनु पर्नेछ ।.....[S]

**८. केन्द्रीय समितिमा जिल्ला वा इकाई समितिले पठाउनु पर्ने रकमको व्यवस्था**

(क) मातहत समितिले[#] विधानको दफा ३० (ख) बमोजिम केन्द्रीय समितिमा वार्षिक आम्दानीको विधानको दफा ३०.(ख) बमोजिमको प्रतिशतले हुन आउने[3s] रकम अनिवार्य रुपमा पठाउनु पर्नेछ ।[#] विधानको दफा ३०.(ख) बमोजिमको प्रतिशतले हुन आउने[3s]...[3s] रकम पठाउँदा सबैभन्दा बढी

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[s] पहिलो संशोधनद्वारा संशोधित ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[#] दोश्रो संशोधनद्वारा संशोधित ।

[3s] तेश्रो संशोधनद्वारा संशोधित

[3s] तेश्रो संशोधनद्वारा संशोधित

[3s] तेश्रो संशोधनद्वारा संशोधित ।

रकम उपलब्ध गराउने जिल्ला वा इकाई समितिलाई...[x] केन्द्रीय समितिले अनुसूची १ बमाजिमको ढाँचामा कदर पत्र दिनेछ ।

(ख) केन्द्रीय समितिमा पठाउनु पर्ने भुक्तानी तोकिएको समयमा नै नियमित रुपमा उपलब्ध गराउने....[3x] समितिलाई ....[3x] केन्द्रीय समितिले अनुसूची २ बमोजिमको ढाँचामा नियमितताको प्रमाण-पत्र दिनेछ ।

(ग) मातहतका समितिहरुले विधानको दफा २७ बमोजिम खोल्नु पर्ने । बैंक खाता खोली सोको जानकारी केन्द्रीय समितिमा पठाउनु पर्नेछ । यसरी खोल्नु पर्ने बैंक खाता नखोलेको पाइएमा केन्द्रीय समितिले सम्बन्धित समितिलाई बंक खाताखोल्ने निर्देशन दिन सक्नेछ ।

(घ) मातहत समितिमा आर्थिक[#] अनियमितता भएका पाइएमा केन्द्रीय समितिले मातहतका समितिहरुको बैंक खाता रोक्काराखी छानबीन गर्न[✓] सक्नेछ ।

(ङ) केन्द्रीय समितिले मातहतका समितिहरुलाई उपलब्ध गराएको बिधान, नियमावली, लोगो तथा अन्य प्रकाशन वा सामग्रीहरुको तोकिएको रकम सामग्री प्राप्त भएको बढीमा २ महिना भित्रमा सामग्री प्राप्त गर्ने सम्बन्धित समितिले अनिवार्य रुपमा केन्द्रीय समितिलाई भुक्तानी गर्नु पर्नेछ ।.....[S]

(च) मातहतका समितिहरुले साधारण सभा वा अधिवेशन गर्नु पर्दा जुन आ. व. को आर्थिक प्रतिवेदन पारीत गर्नु पर्ने हो सम्भव भएसम्म सोही आ.व. को आथिक प्रतिवेदन, उक्त प्रतिवेदन तयार भई नसकेको भए सो भन्दा अघिल्लो आ.व. को आर्थिक प्रतिवेदन (लेखा परिक्षण प्रतिवेदन) अनिवार्य रुपमा केन्द्रीय समितिमा पठाई बुझाउनु पर्ने सम्पूर्ण दायित्व चुक्ता गरी केन्द्रीय समितिको अनुमति लिई साधारण सभा वा अधिवेशन गर्नुपर्नेछ ।[*]

(छ) एसोसिएसनले राष्ट्रिय महाधिवेशन, राष्ट्रिय परिषद्को बैठक लगायत राष्ट्रियस्तरको कुनै कार्यक्रम सम्पन्न गर्न वा केन्द्रीय समितिका भवन निर्माणको निमित्त जग्गा खरीद गर्न, भवन निमार्ण गर्न, आवश्यक सवारी साधन खरीद गर्नको लागि मातहत समितिहरुलाई निश्चित दायित्व निर्धारण गर्न सक्नेछ[*]

(ज) .....[3x]

**८क. बिबिध**.....[T]

(क) कुनै जिल्ला वा इकाई समितिका २५% (पच्चीस प्रतिशत) सदस्य व्यवसायीहरुले आवश्यक

---

[x] तेश्रो संशोधनद्वारा हटाइएको ।

[3x] तेश्रो संशोधनद्वारा हटाइएको ।

[3x] तेश्रो संशोधनद्वारा हटाइएको ।

[#] दोश्रो संशोधनद्वारा संशोधित ।

[✓] दोश्रो संशोधनद्वारा खारेज ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[*] दोश्रो संशोधनद्वारा थप ।

[*] दोश्रो संशोधनद्वारा थप ।

[3x] तेश्रो संशोधनद्वारा हटाइएको ।

[T] पहिलो संशोधनद्वारा संशोधित ।

परेको विषय खुलाई संयुक्त निवेदन दिई माग गरेमा सम्बन्धित समितिको खर्चमा दक्ष लेखापढी व्यवसायी वा कानून व्यवसायीद्वारा पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ ।

(ख) एसोसिएसनको तर्फबाट सदस्य व्यवसायीहरु बीच ५०% भन्दा बढी सदस्यहरुले पिकनिक बनभोज आयोजना गर्दा एक वर्षमा एक पटक समितिको कोषबाट बढीमा रु. २५,०००।-...[3s] सम्म खर्च गर्न पाउनेछन् ।

(ग) सामाजिक संघ संस्था तथा क्लबहरुबाट अनुरोध भई आए अनुसार एसोसिएसनको तर्फबाट दान, चन्दा दिंदा सम्बन्धित समितिले निर्णय गरेमा एक आर्थिक वर्षमा एक पटक रु.५००।- सम्म दान, चन्दा दिन सकिनेछ ।

(घ) विधानको दफा २० (क), (८), २० (घ) (१४), २३ (क) (८) र २३ (ग) (११) बमोजिम गर्न पाउने खर्च समेत एसोसिएसनको आन्तरिक काम बाहेक अन्य काममा खर्च गर्न सकिने छैन ।

(ङ) आर्थिक हिनामिना भएको पाइएमा विधानको दफा ३६ बमोजिम गठित लेखा समितिले सो सम्बन्धी छानबीन गरी केन्द्रीय समितिमा प्रतिवेदन पेश गर्नेछ ।

(च) जिल्ला वा इकाई समितिहरुले आर्थिक कारोवार वा आयमुलक कार्य बाट आर्जन गरेको रकम मध्येबाट विधानको दफा ३० (ख) र (ग) बमोजिम मातहत समितिहरुले माथिल्लो समितिहरुमा पठाउनु पर्ने रकम को हकमा आय आर्जन गर्दा पुँजि लगानी हुने भएमा लागत खर्च कटाई बाँकी हुने कुल आम्दानीको सोही दफामा उल्लेख भए बमोजिमको प्रतिशतले हुन आउने रकम पठाउनु पर्नेछ ।....[3t]

(छ) सदस्यहरुको बचत कार्यक्रम वा राहत व्यवस्था वा सहयोगको लागि उठाईएको रकममा विधानको दफा ३० (ख) र (ग) बमोजिमको दस्तुर लाग्ने छैन । ....[3t]

(ज) राष्ट्रिय महाधिवेशन सम्पन्न गर्न केन्द्रीय समितिले मातहत समितिहरुलाई वा प्रतिनिधिहरुलाई सहभागिता शुल्क वा प्रवेश शुल्क निर्धारण गर्न सक्नेछ ।....[3t]

(झ) उपनियम (ज) बमोजिम निर्धारण गरेको शुल्कमा कम्तिमा ५०% रकम केन्द्रीय समितिले महाधिवेशन पछि हुने राष्ट्रिय परिषद सम्पन्न गर्नको लागि सहभागिता शुल्क वा प्रवेश शुल्क निर्धारण गर्न सक्नेछ ।....[3t]

(ञ) उपनियम (ज) बमोजिम निर्धारण गरेको शुल्कमा तत्काल सम्पन्न महाधिवेशन पछि हुने प्रदेश भेला सम्पन्न गर्नको लागि २५% रकम सहभागिता शुल्क वा प्रवेश शुल्क निर्धारण गर्न

---

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

सक्नेछ । ....[3t]

(ट) उपनियम (ज) बमोजिम निर्धारण गरेको शुल्कमा जिल्ला समन्वय समितिले जिल्ला समन्वय समितिको अधिवेशन सम्पन्न गर्नको लागि १५% रकम सहभागिता शुल्क वा प्रवेश शुल्क निर्धारण गर्न सक्नेछ । ....[3t]

(ठ) मातहत समितिहरुले बार्षिक साधारण सभा/अधिवेशन गर्दा समितिको अघिल्लो आ.ब.को आम्दानिमा विधानको दफा ३०(ख) र (ग) बमोजिमको दायित्व कटाएर बाँकी रहेको कुल आम्दानीको २५% भन्दा नबढ्ने गरि खर्च गर्न पाउनेछन् ।....[3t]

**९. संशोधन, खारेजी र बचाउ**

(क) यस नियमावलीको कनै शाब्दिक र ब्याकरणगत त्रटिलाई सच्याउन तथा नियम उपनियमलाई संशोधन गर्ने अधिकार केन्द्रीय समितिमा रहनेछ ।

(ख) नेपाल लेखापढी  कानून व्यवसायी एसोसिएसनको विधान २०६३ र प्रचलित नेपाल कानूनसँग बाझिएका नियम उपनियमहरु स्वतः खारेज तथा निष्क्रिय हुनेछन् ।

(ग) एसोसिएसनको बृहत्तर हित र विकासको लागि यस नियमावलीमा उल्लिखित कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(घ) नेपाल लेखापढी व्यवसायी समितिको आर्थिक नियमावली २०५६ खारेज गरिएको छ ।

(ङ) नेपाल लेखापढी व्यवसायी समितिको आर्थिक नियमावली २०५६ बमोजिम भए गरेका कामहरु यसै नियमावली बमोजिम भए गरे सरह मान्यता हुनेछ ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

अनुसची-१

नियम ८ (क) सँग सम्बन्धित

**नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन**

केन्द्रीय समिति

## कदर-पत्र

नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ को दफा ३० (ख) बमोजिम यस समितिमा पठाउनु पर्ने रकम सबैभन्दा बढी रु. ... ... ... ।- (अक्षरेपी ... ... ... ... ... ) पठाउने नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन ... ... ...जिल्ला/इकाई समितिलाई आर्थिक नियमावली २०६४ को नियम ८(क) बमोजिम यो कदर-पत्र प्रदान गरिएको छ।

| | | |
|---|---|---|
| .................... | .................... | .................. |
| संस्थाको छाप | कोषाध्यक्ष | अध्यक्ष |

इतिसम्बत् २०        साल        महिना        गते    रोज    शुभम्

अनुसची-२

नियम ८ (ख) सँग सम्बन्धित

**नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन**

केन्द्रीय समिति

## नियमितताको प्रमाण-पत्र

नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ र आर्थिक नियमावली २०६४ को नियम ८(ख) बमोजिम जिल्ला वा इकाइ समितिहरुले यस समितिमा पठाउनु पर्ने विभिन्न भुक्तानिहरु तोकिएको समयमा नै नियमित रुपले पठाउने नेपाल लेखापढी काननू व्यवसायी एसोसिएसन ... ... ... जिल्ला/इकाई समितिलाई आर्थिक नियमावली २०६४ को नियम ८(ख) बमोजिम यो नियमितताको प्रमाण-पत्र प्रदान गरिएको छ ।

| .................... | .................... | .................. |
|---|---|---|
| संस्थाको छाप | कोषाध्यक्ष | अध्यक्ष |

इतिसम्बत् २० साल महिना गते रोज शुभम्

# निर्वाचन नियमावली, २०६४

निर्णय मिति २०६४।२।११।६

पहिलो संशोधन मिति २०६७।८।२५

दोस्रो संशोधन मिति २०७५।०५।१५

तेस्रो संशोधन मिति २०८०।०४।१९

नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन केन्द्रीय समितिले देहायका नियमहरु बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यी नियमहरुको नाम "निर्वाचन नियमावली २०६४" रहेको छ ।

(ख) यो नियमावली नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन, केन्द्रीय समितिले पारित गरी लागू गर्न निर्णय गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

(क) "ऐन" भन्नाले नेपाल कानून व्यवसायी परिषद् ऐन २०५० लाई सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले लेखापढी व्यवसायी सम्बन्धी नियमावली २०५१ लाई सम्झनु पर्छ ।

(ग) "विधान" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ लाई सम्झनु पर्छ ।

(घ) "अड्डा" भन्नाले न्यायिक एवं अर्धन्यायिक निकायलाई सम्झनु पर्छ

(ङ) "एसोसिएसन" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनलाई सम्झनु पर्छ ।

(च) "व्यवसायी" भन्नाले अड्डा अदालतमा लेखापढी गर्न प्रमाण-पत्र पाइ लेखापढी व्यवसायलाई नै पशा बनाई व्यवसाय गरी आएको व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "आचार संहिता" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको आचार संहिता २०६४ लाई सम्झनु पर्छ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले एसोसिएसनको विधान, नियमावली, बिनियम, निर्णय, परिपत्रका आधारमा सम्बन्धित समिति द्वारा तोकिएको दायित्व समेतलाई सम्झनु पर्दछ ।

**३. उद्देश्य**

यस निर्वाचन नियमावली द्वारा नेपाल राज्यभरका अड्डा अदालतहरुमा लेखापढीको कामकाज गर्ने लेखापढी.....[S] व्यवसायीहरुको प्रतिनिधिमूलक संगठन नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको केन्द्रीय समिति र मातहतका.....[S] समितिहरु बीच सुसम्बन्ध र समन्वय कायम गरी एसोसिएसनको आन्तरिक निर्वाचन सम्बन्धी व्यवस्थालाई सुदृढ, व्यवस्थित एवं सक्षम पार्नु यस नियमावलीको मूल उद्देश्य हुनेछ ।

**४. लागू हुने**

यो नियमावली नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको केन्द्रीय समिति र मातहतका समितिहरुमा आवद्ध सदस्य व्यवसायीहरुलाई.....[S] लागू हुन्छ ।

---

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

## ५. निर्वाचन

(क) .....[X]

(ख) विधानको दफा १३(च) बमोजिम राष्ट्रिय महाधिवेशनमा भाग लिन प्रतिनिधिहरु पठाउँदा सम्बन्धित जिल्ला वा इकाई समितिले तत्काल कायम रहेका वा सदस्यता नवीकरण गरी बहाल रहेका सदस्य व्यवसायीहरुको नामावली सहितको सदस्य संख्या खुलाएको पत्र सलग्न हुनुपर्छ । यसैबाट छनोट भई आएका पतिनिधिहरुको सख्याको बैधताको परीक्षण गरिनेछ ।

(ग) राष्ट्रिय महाधिवेशनको लागि छनोट भई आउने प्रतिनिधि नै केन्द्रीय समितिको निर्वानमा समेत उम्मेदवार हुने हँदा नियम ७क.को (ख) र...[3s] ८ बमोजिम योग्यता पुगेका प्रतिनिधिहरु छनोट गरी सम्बन्धित समितिले प्रत्येक प्रतिनिधिको बुँदागत रुपमा योग्यता खुलाई प्रमाणित गरी पठाएको पत्र संलग्न हुनुपर्छ । प्रतिनिधिहरुले केन्द्रीय समितिको निर्वाचनमा भाग लिँदा सोही पत्र बमोजिम केन्द्रीय समितिले र निर्वाचन समितिले प्रतिनिधि र....[3s] उम्मेदवारको बैधताको परीक्षण गर्न सक्नेछ ।

(घ) केन्द्रीय समितिको अध्यक्ष पदमा, जिल्ला समन्वय समितिको अध्यक्ष पदमा र जिल्ला वा इकाई समितिको अध्यक्ष पदमा एउटै व्यक्ति सम्बन्धित समितिको ३ कार्यकाल भन्दा बढी कार्यकालको लागि उमेदवार हुन सक्ने छैन ।......[3s]

(ङ) विधानको दफा १४ बमोजिम कार्यकाल भएका समितिहरुले समयमै विधिवत रुपमा निर्वाचन गरीसक्नु पर्नेछ । यस उपनियम बमोजिम समयमै निर्वाचन सम्पन्न गरेको नपाईएमा केन्द्रीय समितिको निर्देशनमा सम्बन्धित प्रदेश समितिले विधान एवं यस नियमावलीको अधीनमा रही सम्बन्धित समितिमा निर्वाचन समिति गठन गराई निर्वाचन सम्पन्न गराउन सक्नेछ ।[*]

(च) जिल्ला/इकाई समितिबाट अर्को जिल्ला/इकाई समितिमा सदस्यता स्थानान्तरण भएमा निज सदस्यको साविक समितिमा रहँदा कायम भएको योग्यता नियम ७क.को उपनियम ख, ख१, ग ,घ र नियम ८ को उपनियम (क) बमोजिम कायम रहेको योग्यता यथावत रहनेछ ।.....[3t]

(छ) उपनियम (च) बमोजिम स्थानान्तरण भएको सदस्यले साविकको समितिमा सदस्यता नविकरण गरेको प्रमाण र साविकमा आवद्ध रहेको समितिमा कायम रहेको उपनियम (च) बमोजिमको योग्यता साविकको समितिबाट प्रमाणित गराई हाल आवद्ध हुने समितिमा पेश गर्नु पर्नेछ ।.....[3t]

(ज) उपनियम (च) र (छ) बमोजिम स्थानान्तरण भई आवद्ध हुने समितिमा सदस्यता कायम गराउदा आवद्ध हुने समितिमा स्थानान्तरण दस्तुर विधानको दफा १०(क) (२) बमोजिम लाग्नेछ ।.....[3t]

---

[X] पहिलो संशोधनद्वारा खारेज ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[*] दोश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

(झ) जिल्ला वा इकाई समितिको निर्वाचनमा निर्वाचन हुने दिन भन्दा १५ दिन अगाडी सदस्यता प्राप्त गरेका र ७ दिन अगावै नविकरण भएका सदस्यहरु मतदाता हुनेछन् ।.....[3t]

(ञ) जिल्ला समन्वय समिति, इकाई वा जिल्ला समितिको निर्वाचनमा सम्बन्धित समितिले मतदाताको नामावली निर्वाचन हुनु भन्दा कम्तीमा ५ दिन अगावै निर्वाचन समितिलाई उपलब्ध गराउनु पर्नेछ ।.....[3t]

(ट) जिल्ला समन्वय समितिको अधिवेशन /निर्वाचनमा मातहत इकाई समितिहरुले नियम ७क.को उपनियम (ग) बमोजिमका प्रतिनिधिहरु र सम्बन्धित समितिमा स्थापना देखी हालसम्मका पदाधिकारी तथा सदस्यहरुको नामावली कम्तिमा ७ दिन अगावै जिल्ला समन्वय समितिमा पठाउनु पर्नेछ ।.....[3t]

(ठ) राष्ट्रिय महाधिवेशनमा सहभागी हुने प्रतिनिधिहरु नै केन्द्रीय समितिको निर्वाचनमा मतदाता र उमेदवार हुने हुनाले राष्ट्रिय महाधिवेशनको बन्द सत्र समापन हुनु भन्दा अगावै केन्द्रीय समितिको अधिकार प्राप्त पदाधिकारीबाट प्रतिनिधि (मतदाता) हरुको नामावली प्रमाणित गरी निर्वाचन समितिलाई उपलब्ध गराउनु पर्नेछ ।.....[3t]

६. **निर्वाचन समितिको गठन र निर्वाचन सम्पन्न गर्नुपर्ने समयः**.....[S]

(क) मातहत...[3s] समितिहरुको पदाधिकारी तथा सदस्यहरुको...[3s] निर्वाचन नियमित अधिवेशनसँगै एकसाथ राखी यस नियमावली र विधानको दफा ३१ बमोजिमको प्रक्रिया द्वारा तोकिएको समयमा सम्पन्न गर्नपर्छ ।

(ख) एसोसिएसनको कुनै पनि समितिको निर्वाचनको लागि निर्वाचन हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै सम्बन्धित समितिले एक निर्वाचन समितिको गठन गर्नेछ ।

(ख१) नियम ६.(ख) बमोजिम सम्बन्धित समितिले निर्वाचन समिति गठन नगरी अधिवेशन आयोजना भएको रहेछ भने बन्द सत्रको हलबाट विधान र निर्वाचन नियमावली बमोजिम निर्वाचन समिति चयन गरी तत्काल निर्वाचन सम्पन्न गर्नु पर्नेछ। नियम ६.(ख) बमोजिम निर्वाचन समिति गठन नगरी यस नियम बमोजिम निर्वाचन समिति बन्द सत्र बाट गठन गर्नु पर्ने भएमा उक्त निर्वाचनमा सम्बन्धित समितिको बहालवाला अध्यक्ष र सचिव उमेदवार हुन पाउने छैनन । ...[3t]

(ग) निर्वाचन समितिको सदस्य संख्या विषम (बिजोर) हुनेछ ।

(घ) निर्वाचन समितिले निर्वाचनको कार्य गर्न अख्तियार पाएपछि निर्वाचनको समग्र कार्यक्रम प्रकाशन गर्ने काम[3s] निर्वाचन हुने दिन अगावै सम्पन्न गर्नु पर्नेछ ।

(ङ) निर्वाचन समितिले अधिवेशन वा साधारण सभाको उदघाटन तथा बन्द सत्रको कार्यक्रम समाप्त

---

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

भएपछि...[3x] निर्वाचन सम्पन्न गर्नेछ ।

(च) निर्वाचन समितिले निर्वाचनमा भाग लिने मतदाता तथा उम्मेदवार हरुले पालना गर्नु पर्ने आचार संहिता बनाई निर्वाचन अवधिभर लागू गर्न सक्नेछ ।

**६क. निर्वाचन खर्च सम्बन्धी व्यवस्था**.....[T]

(क) मातहत समितिको निर्वाचनका लागि विधानको दफा ३२(क) बमोजिम गठित बढीमा ५ जनासम्म सदस्य रहेको निर्वाचन समितिलाई बढीमा एकमुष्ट दश हजार रुपैयाँसम्म पारिश्रमिक सम्बन्धित समितिले उपलब्ध गराउन सक्नेछ ।

(ख) निर्वाचन समितिलाई कार्य सम्पादनको लागि थप जनशक्तिको आवश्यकता परेमा सम्बन्धित समितिबाट ५ जनासम्मको सहयोग लिन सक्नेछ ।

(ग) निर्वाचन प्रयोजनको लागि आवश्यक पर्ने अन्य खर्चहरु सम्बन्धित समितिले व्यहोर्नु पर्नेछ ।

**७. निर्वाचन समितिमा रहने सदस्यहरुको योग्यता**

(क) एसोसिएसनको कुनै जिल्ला वा इकाई समिति अन्तर्गत सदस्य रहेको

(ख) एसोसिएसनको कुनै पनि तहको कार्य समितिको बहालवाला पदाधिकारी वा सदस्य नरहेको ।

(ग) मानसिक अवस्था ठीक रहेको ।

(घ) एसोसिएसनको कुनै पनि तहमा निर्वाचित भई काम काज गरेका पूर्व पदाधिकारी तथा सदस्य ।

(ङ) निर्वाचन सम्बन्धी काममा दक्षता हासिल गरेको भए सो व्यक्ति ।

(च) निर्वाचनमा भाग लिन योग्य मतदाताहरु मध्ये सम्बन्धित समितिले उपयुक्त ठानेको अन्य व्यक्ति ।

द्रष्टव्यः निर्वाचन समितिमा रहेको व्यक्ति सो निर्वाचनको उम्मेदवार हुन सक्ने छैन ।

**७क.निर्वाचनको लागि प्रतिनिधि छनोट गर्न व्यवस्था**.....[T]

(क) नयाँ सदस्यता वितरण तथा सदस्यता नवीकरण गर्न गराउन नहुने- जिल्ला वा इकाई समितिको वार्षिक साधारण सभा तथा अधिवेशन वा निर्वाचनको लागि तोकिएको दिनभन्दा १५ दिन अगाडिदेखि नयाँ सदस्यता वितरण गरिने छैन र ७ दिन अगाडि देखि सदस्यता नवीकरण गरिने छैन ।

ख) राष्ट्रिय महाधिवेशनमा भाग लिन प्रतिनिधिहरु निर्वाचन/छनोट...[3s] गरी पठाउँदा केन्द्रीय समितिको पूर्व पदाधिकारी तथा सदस्य भइसकको वा राष्ट्रिय महाधिवेशनको प्रतिनिधि भइसकेको वा राष्ट्रिय परिषदको सदस्य भइसकको वा जिल्ला समन्वय समिति वा जिल्ला वा इकाई समितिहरुको पदाधिकारी तथा सदस्य....[3s] भई कम्तीमा एक कार्यकाल काम गरेको अनुभव प्राप्त सदस्य व्यवसायीहरुलाई मात्र निर्वाचन...[3t] छनोट गरी केन्द्रीय समितिमा नामावली पठाउनु

---

[3x] तेश्रो संशोधनद्वारा खारेज ।

[T] पहिलो संशोधनद्वारा थप ।

[T] पहिलो संशोधनद्वारा थप ।

[3s] तेश्रो संशोधनद्वारा संशोधित

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

पर्नेछ। तर १(एक) कार्यकाल पुरा गरि नसकेका समितिहरुको हकमा सम्बन्धित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु मध्येबाट प्रतिनिधि छनौट गरि पठाउनु पर्नेछ।...[3t]

(ख१) उपनियम (ख) बमोजिम योग्यता पुगेको सदस्यलाई मात्र निर्वाचन/छनौट गरि पठाउनु पर्नेछ। निर्वाचन/छनौटको प्रकृयाको हकमा योग्यता पुगेका व्यक्तिहरुलाई सम्बन्धित समितिले जानकारी गराई निजहरुबाट प्रतिनिधि छनौटको निवेदन लिनु पर्नेछ। आवश्यक प्रतिनिधि संख्या भन्दा बढी निवेदन परी सर्वसम्मत हुन नसकेमा निर्वाचनको प्रकृया अपनाउनु पर्नेछ। सम्बन्धित समितिमा यसै उपनियम (ख) बमोजिम योग्यता पुगेका व्यक्तिहरु नै उमेदवार र मतदाता हुनेछन्। उपनियम (ख) बमोजिम योग्यता कायम नभएका तर कार्यसमितिका पदाधिकारी तथा सदस्य भएमा मतदाता मात्र हुनेछन।...[3t]

(ग) जिल्ला समन्वय समितिको प्रतिनिधि हुन जिल्ला समन्वय समिति वा इकाई समितिहरुमा निर्वाचित भई कम्तीमा एक कार्यकाल काम गरेको अनुभव हुनुपर्नेछ। साथै ३ (तिन) कार्यकाल पुरा गरि नसकेका समितिहरुको हकमा यो उपनियम लागु हुने छैन।....[3s] तर मौजुदा जिल्ला समन्वय समितिका पदाधिकारी तथा सदस्यहरु स्वतः प्रतिनिधि हुनेछन्।

(ग१) उपनियम (ग) बमोजिम योग्यता पुगेको सदस्यलाई मात्र निर्वाचन/छनौट गरि पठाउनु पर्नेछ। निर्वाचन/छनौटको प्रकृयाको हकमा योग्यता पुगेका व्यक्तिहरुलाई सम्बन्धित समितिले जानकारी गराई निजहरुबाट प्रतिनिधि छनौटको निवेदन लिनु पर्नेछ। आवश्यक प्रतिनिधि संख्या भन्दा बढी निवेदन परी सर्वसम्मत हुन नसकेमा निर्वाचनको प्रकृया अपनाउनु पर्नेछ। सम्बन्धित समितिमा यसै उपनियम (ग) बमोजिम योग्यता पुगेका व्यक्तिहरु नै उमेदवार र मतदाता हुनेछन्। उपनियम (ग) बमोजिम योग्यता कायम नभएका तर कार्यसमितिका पदाधिकारी तथा सदस्य भएमा मतदाता मात्र हुनेछन्।...[3t]

(घ) जिल्ला समन्वय समितिको निर्वाचनमा भाग लिन प्रतिनिधिहरु छनोट गरी पठाउँदा सम्बन्धित समितिले उपनियम (ग) बमोजिम प्रतिनिधिहरु छनोट गरी पठाउनु पर्नेछ।

(ङ) सम्बन्धित समितिले तत्काल कायम रहेका सदस्य व्यवसायीहरुको संख्या र प्रतिनिधिको योग्यता समेत खुलाई नामावली पठाउनु पर्नेछ। यसैबाट प्रतिनिधिहरुको बैधताको परीक्षण गरिने छ।

**८. निर्वाचनमा भाग लिन चाहने उमेदवारहरुको योग्यता** .....[S]

कनै पनि निर्वाचनमा उमेदवार भई भाग लिन चाहने सदस्य व्यवसायीको निम्न योग्यता पुगेको हुनुपर्छः-

(क) उम्मेदवार हुने २ आर्थिक वर्ष अगाडिनै एसोसिएसनको....[3s] सदस्य बनिसकेको र उमेदवार हुने

---

[3t] तेश्रो संशोधनद्वारा थप।
[3t] तेश्रो संशोधनद्वारा थप।
[3s] तेस्रो संशोधनद्वारा संशोधित।
[3t] तेश्रो संशोधनद्वारा थप।
[S] पहिलो संशोधनद्वारा संशोधित।

वर्षमा सदस्यता नवीकरण गरेको हुनुपर्नेछ ।

(ख) नैतिक पतन हुने कुनै फौजदारी अभियोगमा सजाय पाएको हुनुहँदैन

(ग) एसोसिएसनको सदस्यता प्राप्त गरी निरन्तर रुपमा लेखापढी व्यवसाय गरी आएको हुनु पर्नेछ अर्थात् लेखापढी गर्ने प्रमाण-पत्र मात्र पाएका तर लेखापढी व्यवसाय नगरेको हुनु हँदैन ।

(घ) "केन्द्रीय समितिमा २५ बर्ष, जिल्ला समन्वय समितिमा २२ बर्ष र जिल्ला वा इकाई समितिमा १८ बर्ष उमेर पुरा भएको हुनुपर्नेछ।...[3s] यस प्रयोजनका लागि नेपाली नागरिकताको प्रमाण-पत्रलाई आधार मानिनेछ ।

(ङ) सम्बन्धित समितिको हिसाब किताब बुझाउन बाँकी राखको हुनु हुँदैन ।

(च) मानसिक स्वास्थ्य ठीक रहेको हुनुपर्छ ।

(छ) सम्बन्धित समितिको सम्पत्ति माथि कुनै निजी स्वार्थ भएको हुनुहुँदैन ।

(ज) सम्बन्धित समितिमा बुझाउनु पर्ने नवीकरण दस्तुर र तोकिएका अन्य रकम तथा दैदस्तुर नियमित रुपमा बुझाउँदै आएको हुनुपछ

(झ) केन्दीय समितिको निर्वाचनमा उम्मेदवार हुन नियम ७क. को उपनियम (ख) बमोजिम योग्यता पुगेको हुनु पर्नेछ ।

"(झ१) जिल्ला समन्वय समितिको निर्वाचनमा उमेदवार हुन नियम ७क. को उपनियम (ग) बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।...[3t]

(ञ) केन्द्रीय समिति वा जिल्ला समन्वय समितिमा...[3s].......[✓] निर्विरोध/निर्वाचित बर्तमान...[3x] पदाधिकारी तथा सदस्य कार्यसमितिको कार्यकाल पुरा नगरी वा राजिनामा दिई...[3s] मातहतको समितिको कुनै पदमा उम्मेदवार हुन सक्ने छैन ।

(ट) केन्द्रीय समितिको अध्यक्ष, वरिष्ठ उपाध्यक्ष...[3s] र महासचिव पदको उम्मेदवार हुन पूर्व केन्द्रीय समितिमा रही कम्तीमा एक कार्यकाल काम गरेको अनुभव हुनु पर्नेछ ।

(ठ) कार्यसमितिको प्रथम र दोश्रो अधिवेशन/ निर्वाचन सम्पन्न भई कार्यकाल पुरा गरिसकेको...[3s]

---

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[3t] तेश्रो संशोधनद्वारा थप ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[✓] दोश्रो संशोधनद्वारा खारेज ।

[3x] तेश्रो संशोधनद्वारा खारेज ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

जिल्ला वा इकाई समितिको अध्यक्ष...[3x][✓] पदको उम्मेदवार हुन पूर्व जिल्ला वा इकाई समितिमा निर्वाचित भई कम्तीमा एक कार्यकाल काम गरेको अनुभव हुनु पर्नेछ ।

(ड) जिल्ला समन्वय समितिको प्रथम, दोश्रो र तेश्रो अधिवेशन/ निर्वाचन सम्पन्न भई कार्यकाल पुरा गरिसकेको जिल्ला समन्वय समितिको अध्यक्ष पदको उमेदवार हुन पूर्व जिल्ला समन्वय समितिको पदाधिकारी वा सदस्य भई सकेको वा मातहत इकाई समितिको अध्यक्ष भई एक कार्यकाल पुरा काम गरेको अनुभव हुनुपर्नेछ ।....[3s]

(ढ) विधानको दफा ३६ बमोजिमका विभागीय समितिहरुमा मनोनित पदाधिकारी तथा सदस्यहरु र विधानको दफा १३ बमोजिमका प्रदेश समिति र काठमाडौं उपत्यका समन्वय समितिमा मनोनित पदाधिकारी तथा सदस्यहरु मातहत समितिको कुनै पनि पदमा निर्वाचित हुन कुनै बाधा पर्ने छैन । ....[3s]

(ण) जिल्ला/इकाई समितिको निर्वाचनको लागि गठन भएको निर्वाचन समितिलाई कार्यसमितिले नियम ५(झ) र ८(क) बमोजिम योग्यता पुगेका मतदाता/उमेदवार हुन योग्य व्यक्तिहरु र स्थापना देखी हालसम्म निर्वाचित पदाधिकारी तथा सदस्यहरुको नामावली निर्वाचन समितिलाई उपलब्ध गराउनु पर्नेछ ।...[3t]

**९.उम्मेदवारको दरखास्त दर्ता दस्तुर**.....[S, #]

(क) पदाधिकारी तथा सदस्य पदको उम्मेदवारको दरखास्त दर्ता दस्तुर निम्नानुसार लाग्ने छः- ....[3s]

| केन्द्रीय समिति | | | मातहतका समितिहरु | | |
|---|---|---|---|---|---|
| **क्र.सं.** | **पद** | **दस्तुर रु.** | **क्र.सं.** | **पद** | **दस्तुर रु.** |
| १ | अध्यक्ष | रु७,५०० | १ | अध्यक्ष | रु४,५०० |
| २ | बरिष्ठ उपाध्यक्ष | रु७,००० | २ | उपाध्यक्ष | रु४,००० |
| ३ | उपाध्यक्ष/महासचिव | रु६,५०० | ३ | सचिव | ३,५०० |
| ४ | सचिव/कोषाध्यक्ष | रु६,००० | ४ | सह-सचिव/कोषाध्यक्ष | रु३,००० |
| ५ | सह-कोषाध्यक्ष | रु५,५०० | ५ | सह-कोषाध्यक्ष | रु२,५०० |
| ६ | सदस्य | रु५,००० | ६ | सदस्य | २,००० |

(ख) राष्ट्रिय महाधिवेशन प्रतिनिधि र जिल्ला समन्वय समितिको अधिवेशन प्रतिनिधि हुन सम्बन्धित समितिको बैठक समक्ष निवेदन पेश गर्दा निवेदन दस्तुर निम्न अनुसार लाग्नेछ ।...[3s]

---

[3x] तेस्रो संशोधनद्वारा खारेज ।
[✓] दोस्रो संशोधनद्वारा खारेज ।
[3s] तेस्रो संशोधनद्वारा संशोधित ।
[3s] तेस्रो संशोधनद्वारा संशोधित ।
[3t] तेस्रो संशोधनद्वारा थप ।
[S] पहिलो संशोधनद्वारा संशोधित ।
[#] दोस्रो संशोधनद्वारा संशोधित ।
[3s] तेस्रो संशोधनद्वारा संशोधित ।
[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

१. राष्ट्रिय महाधिवेशनको प्रतिनिधि हुनको लागि रु.१,०००/-...[3s]

२. जिल्ला समन्वय समितिको प्रतिनिधि हुनको लागि रु.५००/-...[3s]

द्रष्टव्यः उपनियम (क) र (ख)...[3s] बमोजिम उम्मेदवार हुन दरखास्त दर्ता गर्दा दाखिला गरेको दस्तुर फिर्ताहुने छैन । निवेदन/ दरखास्त फाराम दस्तुर रु १००।- लाग्नेछ । निर्वाचन कार्यक्रममा उठेको सम्पूर्ण रकम निर्वाचन समितिले सम्बन्धित समितिलाई बुझाउनु पर्नेछ ।....[3s]

**१०. निर्वाचन सम्बन्धी कार्यविधि**

(क) निर्वाचन समितिको गठन गरिसकेपछि निर्वाचनको काम सो समितिलाई सुम्पनु पर्छ ।

(ख) .....[X]

(ग) निर्वाचन समितिले आफ्नो कार्यविधि आफै तय गर्ने क्रममा निम्न प्रक्रियाहरुको अबलम्बन गर्नेछ-

१. उम्मेदवारको दरखास्त लिने मिति र समय खोली...[3x] सूचना प्रकाशन गर्ने ।

२. उम्मेदवारको दरखास्तमा एकजना प्रस्तावक र एकजना समर्थकको सही गराउनु पर्ने, नगरेमा त्यस्तो उम्मेदवारी रद्ध गर्ने ।

३. एक व्यक्ति एक पदको लागि मात्र उम्मेदवार हुन सक्ने व्यवस्था गर्ने, एकभन्दा बढीपदमा उम्मदेवारी दिएमा सो व्यक्तिको....[T] सबै उम्मेदवारी रद्ध गर्ने ।

४. एक व्यक्ति एक पदको लागि प्रस्तावक बन्न सक्ने तर सोही पदको अर्को उम्मेदवारको प्रस्तावक बन्न नसक्ने व्यवस्था गर्नै, गरेमा त्यस्तो उम्मेदवारी रद्ध गर्ने ।

५. एक व्यक्ति एक पदको लागि समर्थक बन्न सक्ने तर सोही पदको अर्को उम्मेदवारको समर्थक बन्न नसक्ने व्यवस्था गर्ने, गरेमा त्यस्तो उम्मेदवारी रद्ध गर्ने ।

६. उम्मेदवारको दखास्त उपर दावी विरोध गर्ने मिति र समय तोक्ने

७. दावी उजुरी उपर छानबीन गरी उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने ।

८. मतदाता नामावली प्रकाशन गर्ने ।

९. मतदाता नामावली उपर दावी विरोध गर्ने मिति र समय तोक्ने

१० दावी उजुरी उपर छानबीन गरी मतदाताको अन्तिम नामावली प्रकाशन गर्ने ।

११. उम्मेदवारको दरखास्त आव्हान गरेको, मतदाता नामावली प्रकाशन गरेको, मतदान गर्न मतपेटिका बन्द गरेको, मतगणना गर्न मतपेटिका खोलेको, मत गणना गरी नतिजा प्रकाशन गरेको आदि विषयमा कम्तिमा २/२ जना सदस्य व्यवसायीहरुलाई साक्षी राखी मुचुल्का खडा गरी राख्ने व्यवस्था गर्ने ।

---

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[3s] तेश्रो संशोधनद्वारा थप ।

[3s] तेश्रो संशोधनद्वारा थप ।

[X] पहिलो संशोधनद्वारा खारेज ।

[3x] तेस्रो संशोधनद्वारा खारेज ।

[T] पहिलो संशोधनद्वारा थप ।

१२. मतपेटिकाको व्यवस्था गर्ने र सो मतपेटिकामा कम्तिमा ३ ठाउँमा शीलबन्दी गर्न सकिने व्यवस्था मिलाउने ।

१३. मतपत्रको शिरमा निर्वाचन हुने सम्बन्धित समितिको नाम र त्यसपछि क्रमशः मतपत्र, मतदानको मिति, निर्वाचन गर्नुपर्ने आवश्यक पद, उम्मेदवारको नाम, उम्मेदवारको नामको अगाडि मत संकेत गर्ने कोठा उल्लेख गरी अन्त्यमा संयोजकको सही गर्ने महलको व्यवस्था गर्ने ।

१४. उम्मेदवारको दरखास्त अनुसची-१, मुचुल्का अनुसची-२ र मतपत्र अनुसची-३(क) ३ (ख) बमोजिमको ढाँचामा हुनेछ ।

१५. निर्वाचन समितिले अनुसची-६ बमोजिमको ढाँचामा निर्वाचन सम्बन्धी कार्यक्रम प्रकाशन गर्नछ ।

(घ) निर्वाचन समितिले मतगणना गर्नु.....[S] अघि निम्नलिखित कार्यविधि अबलम्बन गर्नेछ

१. मतदान पश्चात् सदर मत र बदर मतको दायरा तोक्ने । मत सदर बदर हुने तालिका अनुसची-५ बमोजिम हुनेछ ।

२. मतदाताले ठीकसँग मत संकेत नगरेको भए त्यस्तो मतपत्र बदर गर्ने ।

३. संयोजकको सही नभएको मतपत्र बदर गर्ने ।

४. सम्बन्धित समितिको छाप नलागेको मतपत्र बदर गर्ने ।

५. निर्वाचन गर्नु पर्ने पद संख्याभन्दा घटी वा बढी उम्मेदवारलाई मत संकेत गरेको वा एकै पदका उमेदवारहरु मध्ये कसैलाई सदर र कसैलाई बदर हुने गरी मतदान गरेमा सो पदको सबै मत बदर गर्ने ।

६. निर्वाचन समितिले बितरण गरेकोभन्दा बाहेकको मतपत्रलाई बदर गर्ने ।

७. एउटै मतपत्रमा कुनै पदको उम्मेदवारको मत बदर भएमा अन्य सदर कायम रहन सक्ने पदको उमेदवारको मत सदर गर्ने ।

११. **निर्वाचनको परिणाम घोषणा सम्बन्धी कार्यविधि.....**[S]

(क) उम्मेदवारको दरखास्त आह्वान गर्दा आवश्यक पदको लागि मात्र दरखास्त परेमा निर्विरोध निर्वाचन सम्पन्न भएको घोषणा गर्ने ।

(ख) केन्द्रीय समितिमा १४...[3s] जना पदाधिकारीहरु र सदस्यहरुमा १९...[3s] जनासम्म वा सोभन्दा कम जतिजनाको दरखास्त परे पनि र अन्य समितिहरुमा ६...[3s] जना पदाधिकारीहरु र सदस्यहरुमा ७...[3s] जनासम्म वा सोभन्दा कम जतिजनाको दरखास्त परे पनि निर्विरोध निर्वाचन सम्पन्न भएको

---

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

घोषणा गर्ने ।

(ग) पदाधिकारी तथा सदस्यहरु....[3s] को लागि आवश्यक पदमा दरखास्त नपरेमा नपुग पदको लागि मात्र समय थप गरी दरखास्त आह्वान गर्ने ।

(घ) निर्वाचन गर्नु पर्ने पद संख्या भन्दा बढी दरखास्त परेमा मतदान गराई निर्वाचन सम्पन्न गर्ने ।

(ङ) निर्वाचनमा कुनै दुई उम्मेदवारको मत बराबर भई दुबै जनाको सहमती भएमा गोला राखी वा पदावधिको आधा आधा समय कार्य गर्ने गरी र सहमती हुन नसकेमा सो पदमा पुनः एक पटक निर्वाचन गराई प्राप्त परिणाम घोषणा गर्ने । पुनः मत बराबर भएमा गोला राख्ने वा आधा आधा कार्यकाल काम गर्न दुई विकल्पमध्ये एउटा रोज्न लगाई सो अनुसार प्राप्त परिणाम घोषणा गर्न ।

(च) निर्वाचनको परिणाम घोषणा गरिएपश्चात् निर्वाचन समितिले मतपत्रहरु लगायत निर्वाचन सम्बन्धी सम्पर्ण कागजातहरु सम्बन्धित समितिलाई बझाउनु पर्नेछ र त्यस्ता कागजातहरु सम्बन्धित समितिले कम्तिमा ६ (छ) महिनासम्म सुरक्षित राख्नु पर्नेछ ।

१२. **प्रमाण-पत्र र शपथ**

(क) निर्वाचित प्रत्येक उम्मेदवारलाई निर्वाचन समितिको संयोजकले सम्बन्धित समितिको छाप लगाई यस नियमावलीको अनुसची-४ बमोजिमको ढाँचामा प्रमाण-पत्र बितरण गर्नु पर्नेछ ।

(ख) निर्वाचित प्रत्येक उम्मेदवारले विधानको अनुसची-३ बमोजिमको ढाँचामा शपथको छुट्टाछुट्टै प्रतिमा बिबरण भरी सही गरी शपथ ग्रहण गर्नु पर्नेछ ।

(ग) निर्वाचित उम्मेदवारलाई निर्वाचन समितिको संयोजकले शपथ दिलाउनु पर्नेछ ।

(घ) मतगणनाको समाप्त भई परिणाम घोषणा पश्चात् प्रमाण-पत्र र शपथ लिन नसकेका निर्वाचित उम्मेदवारहरुले सम्बन्धित समितिको अध्यक्ष समक्ष निज उपस्थित भएको पहिलो बैठकमा प्रमाण पत्र लिई शपथ लिनु पर्नेछ ।

(ङ) पहिलो बैठकमा प्रमाण-पत्र लिई शपथ लिन नसके दोश्रो बैठकमा, दोश्रो बैठकमा नसके तेश्रो बैठकमा प्रमाण-पत्र लिई शपथ लिनु पर्नेछ ।

(च) उपनियम (ङ) बमोजिम शपथ लिन नसकेमा सम्बन्धित समितिले निर्णय गरी सो पद रिक्त भएको घोषणा गरी विधानको दफा २५ मा उल्लिखित विधिद्वारा पदपूर्ति गर्ने ।

१२क. **उजुरी र सुनुवाई सम्बन्धी व्यवस्था**.....[T]

(क) इकाई, जिल्ला र जिल्ला समन्वय समितिको निर्वाचन सम्पन्न भई परिणाम घोषणा भएपश्चात् सो निर्वाचनको परिणाम चित्त नबुझ्ने सरोकारवाला उमेदवारले निर्वाचन सम्पन्न भएको १५ (पन्ध्र) दिनभित्र ...[3x] माथिल्लो समितिमा उजुरी गर्न सक्नेछ ।

(ख) आफ्नो मातहतको कुनै समितिमा सम्पन्न निर्वाचनका सम्बन्धमा सरोकारवाला कसैको उजुरी परेमा माथिल्लो समितिले सम्बन्धित समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कागजातहरु झिकाई जाँची, बुझी, हेरी आवश्यकता अनुसार पुनः मतगणना गर्नु पर्ने भए सो समेत गरी निर्णय गर्न अË

[3s] तेस्रो संशोधनद्वारा संशोधित ।

[T] पहिलो संशोधनद्वारा थप ।

[3x] तेस्रो संशोधनद्वारा खारेज ।

पुगेपछि तत्कालै निर्णय गर्नु पर्नेछ । थप जाँचबुझ गरी निर्णय गर्नु पर्ने भएमा बढीमा ३ (तीन)[3s] महिनाभित्र निर्णय गरी सक्नु पर्नेछ ।

(ग) नियम (ख) बमोजिम दिइएको निर्णय चित्त नबुझेमा सोभन्दा माथिल्लो समितिमा पुनरावेदन गर्न सकिनेछ । शुरु उजुरी सुन्ने कुनै समितिले गरेको निर्णय उपर पुनरावेदन परेमा सोभन्दा एक तह माथिल्लो समितिले पुनरावेदन सुनी बढीमा ३ (तीन) महिनाभित्र निर्णय गर्नु पर्नेछ ।

(घ) ....[3x]

(ङ) मातहतका समितिहरुको निर्वाचन सम्बन्धमा केन्द्रीय समितिमा कुनै उजुरी, पुनरावेदन, मुद्दा दोहोऱ्याई हेरिपाउन निवेदन परेमा केन्द्रीय अध्यक्षको परामर्श लिई महासचिवले केन्द्रीय समितिको बैठक बोलाउनेछ केन्द्रीय समितिको बैठकले त्यस्तो उजुरी, पुनरावेदन मुद्दा दोहोऱ्याई हेरिपाउन निवेदन उपर जाँच बुझ गरी बढीमा ६ (छ) महिनाभित्र निर्णय गर्नु पर्नेछ ।

(च) मातहतका समितिहरुको निर्वाचन सम्बन्धी बिबादमा केन्द्रीय समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

१३. **संशोधन खारेजी र बचाउ**

(क) यस नियमावलीको कुनै शाब्दिक र ब्याकरणगत त्रुटिलाई सच्याउने तथा नियम उपनियमलाई संशोधन गर्ने अधिकार केन्द्रीय समितिमा हुनेछ ।

(ख) नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ र प्रचलित नेपाल कानूनसँग बाझिएका नियम उपनियमहरु स्वतः खारेज वा निष्क्रिय हुनेछन् ।

(ग) एसोसिएसनको बृहत्तर हित र विकासको लागि यस नियमावलीमा उल्लिखित कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

(घ) नेपाल लेखापढी व्यवसायी समितिको निर्वाचन नियमावली २०५६ खारेज गरिएकोछ ।

(ङ) नेपाल लेखापढी व्यवसायी समितिको निर्वाचन नियमावली २०५६ बमोजिम भए गरेका कामहरु यसै नियमावली बमोजिम भए गरे सरह मान्यता हुनेछ ।

[3s] तेस्रा संशोधनद्वारा संशोधित ।

[3x] तेस्रो संशोधनद्वारा खारेज ।

अनुसूची-१.....[S]

[नियम १० (ग) (१४) सँग सम्बन्धित)]

उम्मेदवारको दरखास्त

**नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन**

**निर्वाचन समिति**

केन्द्रीय समिति/... ... ... ... ... जिल्ला समन्वय समिति/ ... ... ... जिल्ला समिति/... ... ... ...इकाई समिति ... ... ... ... ...जिल्ला

## उम्मेदवारको दरखास्त

मितिः- २० ... ।... ।...

यस समितिको मिति २० । । मा हुने निर्वाचनमा उम्मेदवार हुनको लागि एसोसिएसनको विधान तथा निर्वाचन नियमावलीप्रति पूर्ण निष्ठावान रही पालना गर्ने प्रतिबद्धताकासाथ यो दरखास्त पेश गरेको छु। तोकिए बमोजिको मेरो योग्यता पुगेको छ। लाग्ने दस्तुर रु. ... ... ... ।- यसैसाथ छ।

**उम्मेदवारको**

उम्मेदवार हुने पदः- ... ... ... ... ...

नामः- ... ... ... ... ... ... ... ... ... लिङ्ग- महिला □/पुरुष □

(छान्नको लागि ✓लगाउनुहोस्)

सदस्यता नं. ... ... ... मतदाता क्रम संख्या ... ..

मिति ... ... ... ... ... ... दस्तखत ... ... ... ... ..

**प्रस्तावकको**

नामः- ... ... ... ... ... ...

सदस्यता नं. ... ... ...

मतदाता क्रम संख्या ... ... ... ...

दस्तखत ... ... ... ... ... ...

मिति ... ... ... ... ... ...

**समर्थकको**

नामः- ... ... ... ... ... ...

सदस्यता नं. ... ... ... ...

मतदाता क्रम संख्या ... ...

दस्तखत ... ... ... ... ...

मिति ... ... ... ... ... ...

**निर्वाचन समितिले भर्ने**

दर्ता नं. ... ... ...

दर्ता समय ... ... ... ... मितिः ... ... ... ... पद ... ... ... ...

दस्तुर बुझिलिनेको सही ... ... ... ... ... ... ...

---

[S] पहिलो संशोधनद्वारा संशोधित।

अनुसची-२ .....[S]

[नियम १० (ग) (१४) सँग सम्बन्धित)]

**मुचुल्का**

**नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन**

**निर्वाचन समिति**

केन्द्रीय समिति/... ... ... ... ... जिल्ला समन्वय समिति/ ... ... ... जिल्ला समिति/... ... ... ...इकाई समिति ... ... ... ... ...जिल्ला

मुचुल्का

यस समितिको मिति ... ... ... ... ....को दिन हुने निर्वाचनको लागि आज मिति २० ... ।... ।... का दिन ... ... बजेको समयमा निर्वाचन समितिले सबैले देख्ने गरी निर्वाचन कार्यक्रम प्रकाशन गरेको/उम्मेदवारको दरखास्त आव्हान गरेको/मतदाता नामावली प्रकाशन गरेको/मतपेटिका बन्द गरेको/मतदान शुरु गरेको/मतदान अन्त्य गरेको/ मतगणना गर्न मतपेटिका खोलेको/मतगणनाको नतिजा प्रकाशन गरेको व्यहोरा आफैले देखी या मुचुल्कामा सही गरी निर्वाचन समिति समक्ष पेश गरेका छौं । व्यहोरा सत्य साँचो हो झुट्टा ठहरेमा कानून बमोजिको सजाय सहुँला बुझाउँला ।

सही    नाम थर    सदस्यता नं.

इति सम्बत् २०    साल    महिना    गते रोज    शुभम----

[S] पहिलो संशोधनद्वारा संशोधित ।

अनुसची-३(क).....[S], [#]

[नियम १० (ग) (१४) सँग सम्बन्धित)] मतपत्र

**नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन**

**केन्द्रीय निर्वाचन समिति मतपत्र**

मिति २० ... । ... । ... मत संकेत गर्ने तरिका

अध्यक्ष पद (१ जना निर्वाचित हुने)

… … … … … … … ☐

… … … … … … … ☐

बरिष्ठ उपाध्यक्ष पद (१ जना निर्वाचित हुने)

… … … … … … … ☐

… … … … … … … ☐

उपाध्यक्ष पद (प्रादेशिक रुपमा ७ जना निर्वाचित हुने ।

कोशी प्रदेश (१ जना निर्वाचित हुने)

… … … … … … … ☐

… … … … … … … ☐

मधेश प्रदेश (१ जना निर्वाचित हुने)

… … … … … … … ☐

… … … … … … … ☐

बागमती प्रदेश (१ जना निर्वाचित हुने)

… … … … … … … ☐

… … … … … … … ☐

गण्डकी प्रदेश (१ जना निर्वाचित हुने)

… … … … … … … ☐

… … … … … … … ☐

लुम्बिनी प्रदेश (१ जना निर्वाचित हुने)

… … … … … … … ☐

… … … … … … … ☐

कर्णाली प्रदेश (१ जना निर्वाचित हुने)

… … … … … … … ☐

… … … … … … … ☐

सुदूरपश्चिम प्रदेश (१ जना निर्वाचित हुने)

… … … … … … … ☐

… … … … … … … ☐

---

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[#] दोश्रो संशोधनद्वारा संशोधित ।

महासचिव पद (१ जना निर्वाचित हुने)
… … … … … … … ☐
… … … … … … … ☐

सचिव पद (२ जना निर्वाचित हुने)
… … … … … … … ☐
… … … … … … … ☐

कोषाध्यक्ष पद (१ जना निर्वाचित हुने)
… … … … … … … ☐
… … … … … … … ☐

सहकोषाध्यक्ष पद (१ जना निर्वाचित हुने)
… … … … … … … ☐
… … … … … … … ☐

सदस्य पद (११ जना खुल्ला रुपमा निर्वाचित हुने)
… … … … … … … ☐
… … … … … … … ☐

सदस्य पद (७ जना प्रादेशिक रुपमा निर्वाचित हुने)

कोशी प्रदेश (१ जना निर्वाचित हुने)
… … … … … … … …☐
… … … … … … … …☐

मधेश प्रदेश (१ जना निर्वाचित हुने)
… … … … … … … …☐
… … … … … … … …☐

बागमती प्रदेश (१ जना निर्वाचित हुने)
… … … … … … … …☐
… … … … … … … …☐

गण्डकी प्रदेश (१ जना निर्वाचित हुने)
… … … … … … … …☐
… … … … … … … …☐

लुम्बिनी प्रदेश (१ जना निर्वाचित हुने)
… … … … … … … … ☐
… … … … … … … …☐

कर्णाली प्रदेश (१ जना निर्वाचित हुने)
… … … … … … … … ☐
… … … … … … … …☐

सुदूरपश्चिम प्रदेश (१ जना निर्वाचित हुने)
… … … … … … … … ☐
… … … … … … … …☐

सदस्य पद (१ जना काठमाण्डौ उपत्यकाबाट निर्वाचित हुने)
… … … … … … … …☐
… … … … … … … …☐

| | |
|---|---|
| ............... | .................. |
| संस्थाको छाप | संयोजकको सही |

द्रष्टब्यः आवश्यक पद संख्या भन्दा घटी वा बढी पदमा मतदान गरेमा मत बदर हुनेछ ।

अनुसूची-३(ख) .....[S], [#]

[नियम १० (ग) (१४) सँग सम्बन्धित)] मतपत्र

**नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन**

**निर्वाचन समिति**

(... ... ... जिल्ला समन्वय समिति/... ... ... जिल्ला समिति/... ... ... इकाइ समिति)... ... ... ... ... जिल्ला

**मतपत्र**

मिति २० ...।...।... मत संकेत गर्ने तरिका

अध्यक्ष पद (१ जना निर्वाचित हुने)

... ... ... ... ... ... ... ☐

... ... ... ... ... ... ... ☐

उपाध्यक्ष पद (१ जना निर्वाचित हुने)

... ... ... ... ... ... ... ☐

... ... ... ... ... ... ... ☐

सचिव पद (१ जना निर्वाचित हुने)

... ... ... ... ... ... ... ☐

... ... ... ... ... ... ... ☐

सहसचिव पद (१ जना निर्वाचित हुने)

... ... ... ... ... ... ... ☐

... ... ... ... ... ... ... ☐

कोषाध्यक्ष पद (१ जना निर्वाचित हुने)

... ... ... ... ... ... ... ☐

... ... ... ... ... ... ... ☐

सह-कोषाध्यक्ष पद (१ जना निर्वाचित हुने)

... ... ... ... ... ... ... ☐

... ... ... ... ... ... ... ☐

सदस्य पद (७ जना निर्वाचित हुने)

... ... ... ... ... ... ... ☐

... ... ... ... ... ... ... ☐

.............................. ..........................

संस्थाको छाप संयोजकको सही

द्रष्टब्यः आवश्यक पद संख्या भन्दा घटी वा बढी पदमा मतदान गरेमा मत बदर हुनेछ।

---

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[#] दोश्रो संशोधनद्वारा संशोधित ।

अनुसूची-४.....[S]

[नियम १२ (क) सँग सम्बन्धित)] प्रमाण-पत्र

**नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन**

निर्वाचन समिति

(केन्द्रीय समिति/... ... ... ... ... ... जिल्ला समन्वय समिति/... ... ... ... ... ... ...
जिल्ला समिति/... ... ... ... ... ... इकाई समिति)

## प्रमाण–पत्र

नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन केन्द्रीय समिति/... ...... जिल्ला समन्वय समिति/... ... ... ... जिल्ला/... ... ... ... इकाई समितिको मिति २० । । मा सम्पन्न निर्वाचनमा एसोसिएसनको... ... ... ... ... ... ... ... ... ... समितिबाट प्रतिनिधित्व गर्न हुने तपाईं श्री ... ... ... ... ... ...... ... ... ... ... ... ...... केन्द्रीय समितिको/ ... ... ... ... जिल्ला समन्वय समितिको/ ... ... ... ... ... जिल्ला समितिको/ ... ... ... ... ... ... इकाई समितिको ... ... ... ... ... ... पदमा निर्वाचित/निर्विरोध निर्वाचित हुनुभएकोले यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

... ... ... ... ...
संस्थाको छाप

... ... ... ...
संयोजकको हस्ताक्षर
नामथर :

इति सम्बत् २०... ... साल ... महिना ..... गते रोज ... शुभम---

[S] पहिलो संशोधनद्वारा संशोधित ।

## अनुसची-५ .....[S]

[नियम १० (घ) (१) सँग सम्बन्धित)]

मत सदर/बदर हुने तालिका

| सदर मतपत्र | बदर मतपत्र | बदर हुने कारण |
|---|---|---|
| १. उम्मेदवार | १. उम्मेदवार | रेजा बाहेकको अन्य चिन्ह अक्षर अंकित |
| २. उम्मेदवार | २. उम्मेदवार | एकभन्दा बढी कोठालाई रेजाले छोएको |
| ३. उम्मेदवार | ३. उम्मेदवार | रेजा कोठा बाहिर परेको |
| ४. उम्मेदवार | ४. उम्मेदवार | दुईवटा रेजा लागेको |
| ५. उम्मेदवार | ५. उम्मेदवार | दुईवटा रेजा लागेको |
| ६. उम्मेदवार | ६. उम्मेदवार | पद संख्याभन्दा बढी रेजा लागेको |
| ७. उम्मेदवार | ७. उम्मेदवार | पद संख्याभन्दा घटी रेजा लागेको |
| ८. उम्मेदवार | ८. उम्मेदवार (ठीक, धन्यबाद, विजयी, जित्नै पर्छ इत्यादी) | कोठा बाहिर कुनै चिन्ह वा अक्षर अंकित वा केही लेखिएको |

१. कुनै पदको मत बराबर भएमा अन्य पदको मत परिणामलाई कायम राखी मत बराबर भएको पदमा मात्र सहमती वा गोला वा पुनः मतदान गराई परिणाम घोषणा गरिने छ।

२. सम्बन्धित समितिको छाप, संयोजकको सही वा छाप नभएमा मतपत्र बदर हुनेछ।

३. मत सदर बदर विषयमा कुनै बाद बिबाद वा द्विविधा परेमा निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ।

४. मतदान गर्दा कालो मसी बाहेक अन्य मसी प्रयोग गरेमा मत बदर हुनेछ।

[S] पहिलो संशोधनद्वारा संशोधित।

अनुसची-६ .....[S], [#]

[नियम १० (ग) (१५) सँग सम्बन्धित)]

## निर्वाचन कार्यक्रम

नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन केन्द्रीय समिति/... ... ... जिल्ला समन्वय समिति/... ... ... जिल्ला समिति/... ... ... इकाई समितिको मिति २०। । मा हुने निर्वाचनका सम्बन्धमा निम्नानुसार को निर्वाचन कार्यक्रम प्रकाशित गरिएको छ।

१. निर्वाचन तथा मतदाता सम्बन्धी :

(क) निर्वाचन गरिने पदहरुको नाम र पद संख्याः-

(ख) मतदाताको नामावली प्रकाशन गर्ने मितिः- २० । ।

(ग) मतदाता नामावलीमा दावी विरोध गर्ने मितिः- २० । ।
समयः- बजेसम्म

(घ) दावी विरोधमा छानबीन गर्ने मितिः- २० । ।

(ङ) मतदाताको अन्तिम नामावली प्रकाशन गर्न मितिः-
मितिः- २० । । समयः- बजेसम्म

२. उम्मेदवार सम्बन्धी :

(क) उम्मेदवारीको लागि दरखास्त दिने मितिः- २० । ।
समयः- बजेसम्म

(ख) पदाधिकारी तथा सदस्य पदको उम्मेदवारी दस्तुर...[3s]

| केन्द्रीय समिति | | | मातहतका समितिहरु | | |
|---|---|---|---|---|---|
| क्र.सं. | पद | दस्तुर रु. | क्र.सं. | पद | दस्तुर |
| १ | अध्यक्ष | रु७,५०० | १ | अध्यक्ष | रु४,५०० |
| २ | बरिष्ठ उपाध्यक्ष | रु७,००० | २ | उपाध्यक्ष | रु४,००० |
| ३ | उपाध्यक्ष/महासचिव | रु६,५०० | ३ | सचिव | ३,५०० |
| ४ | सचिव/कोषाध्यक्ष | रु६,००० | ४ | सह-सचिव/ कोषाध्यक्ष | रु३,००० |
| ५ | सह-कोषाध्यक्ष | रु५,५०० | ५ | सह-कोषाध्यक्ष | रु२,५०० |
| ६ | सदस्य | रु५,००० | ६ | सदस्य | २,००० |

[S] पहिलो संशोधनद्वारा संशोधित।
[#] दोश्रो संशोधनद्वारा संशोधित।
[3s] तेश्रो संशोधनद्वारा संशोधित।

(ग) उम्मेदवारहरुको नामावली प्रकाशन गर्ने मितिः- २०    ।   ।

समयः-            बजेसम्म

(घ) उम्मेदवारको दरखास्तमा दावी विरोध गर्ने मितिः- २०  ।   ।

समयः-            बजेसम्म

(ङ) दावी विरोध उपर छानबीन गर्ने मितिः- २०          । ।

समयः-            बजेसम्म

(च) उम्मेदवारले दरखास्त फिर्ता लिने मितिः- २०   ।    ।

समयः-            बजेसम्म

(छ) उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने मितिः-

समयः-            बजे

३. मतदान, मतगणना, परिणामको घोषणा र शपथः-

(क) मतदान गर्ने मितिः- २०       ।     ।      समयः-

बजे सम्म । स्थानः-

(ख) मतगणना गर्ने समयः- मतदान समाप्त भएपछि ।

(ग) निर्वाचनको परिणाम घोषणा गर्नः- मतगणना समाप्त भएपछि ।

(घ) शपथ गराउनेः- निर्वाचनको परिणाम घोषणा भएपछि ।

..................

संयोजक

(निर्वाचन समिति)

# कानूनी शिक्षा सम्बन्धी नियमावली, २०६४

निर्णय मिति २०६४।२।११।६

पहिलो संशोधन मिति २०६७।८।२५

दोश्रो संशोधन मिति २०७५।०५।१५

तेश्रो संशोधन मिति २०८०।०४।१९

नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी नेपाल राज्यभरका न्यायिक एवं अर्धन्यायिक निकायहरुमा कार्यरत लेखापढी व्यवसायीहरुको विषयगत व्यवसायिक दक्षता अभिबृद्धि गरी लेखापढी व्यवसायलाई समयानुकल सदृढ, सक्षम, प्रतिस्पर्धी, जिम्मेवार बनाई मर्यादित पेशाको रुपमा विकास गन नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन केन्द्रीय समितिले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यी नियमहरुको नाम "कानूनी शिक्षा सम्बन्धी नियमावली २०६४" रहेको छ ।

(ख) यो नियमावली नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन, केन्द्रीय समितिले पारित गरी लागू गर्न निर्णय गरेको मितिदेखि प्रारम्भ हुनेछ ।...[3s]

२. **परिभाषा**

(क) "ऐन" भन्नाले नेपाल कानून व्यवसायी परिषद् ऐन २०५० लाई सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले लेखापढी व्यवसायी सम्बन्धी नियमावली २०५१ लाई सम्झनु पर्छ ।

(ग) "विधान" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान, २०६३ लाई सम्झनु पर्छ ।

(घ) "अड्डा" भन्नाले न्यायिक एवं अर्धन्यायिक निकायलाई सम्झनुपर्छ ।

(ङ) "एसोसिएसन" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनलाई सम्झनु पर्छ ।

(च) "व्यवसायी" भन्नाले अड्डा अदालतमा लेखापढी गर्न प्रमाण-पत्र पाई लेखापढी व्यवसायलाई नै पेशा बनाई व्यवसाय गरीआएको व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "आचार संहिता" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको आचार संहिता २०६४ लाई सम्झनु पर्छ ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले एसोसिएसनको विधान, नियमावली, बिनियम, निर्णय, परिपत्रका आधारमा सम्बन्धित समितिद्वारा तोकिएको दायित्व समेतलाई सम्झनु पर्दछ ।

३. **उद्देश्य**

नेपाल राज्यभरका अड्डा अदालतहरुमा लेखापढीको कामकाज गर्ने लेखापढी व्यवसायीहरुको प्रतिनिधिमूलक संगठन नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको केन्द्रीय समिति र मातहतका .....[S] समितिहरुबीच सुसम्बन्ध र समन्वय कायम गरी विभिन्न समितिहरुमा आबद्ध भई लेखापढीको

---

[3s] तेश्रो संशोधनद्वारा संशोधित ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

कामकाज गर्दै आएका व्यवसायीहरुलाई पेशागत दक्षता बृद्धि गर्न .....[T] कानूनी शिक्षा तथा व्यवसायिक तालिम दिइ लेखापढी व्यवसायीहरुलाई समयोचित सुदृढ, सक्षम, प्रतिस्पर्धी र जिम्मेवार बनाई मर्यादित पेशाको रुपमा विकास गराउनु यस नियमावलीको मूल उद्देश्य हुनेछ ।

**४. कानूनी शिक्षाको पाठ्यक्रम निर्धारण**

(क) नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन केन्द्रीय समितिले कानूनी शिक्षा तथा व्यवसायिक तालिम सम्बन्धी पाठ्यक्रम निधारण गर्नेछ ।

(ख) उपनियम (क) बमोजिम निर्धारित पाठ्यक्रम केन्द्रीय समिति मातहतका समितिहरुमा आवद्ध सदस्य व्यवसायीहरुलाई लागू हुनेछ ।.....[s]

**५. पेशागत दक्षता अभिबद्धि समितिको गठन**.....[s]

(क) विधानको दफा ३६ बमोजिम एसोसिएसनको कुनै पनि समितिमा आबद्ध रहेका व्यवसायीहरुलाई कानूनी शिक्षा तथा आवश्यक व्यवसायिक तालिम दिन विधान र यस नियम बमोजिम...[3s] आवश्यकता अनुसार पेशागत दक्षता अभिबृद्धि समितिको गठन गरिनेछ । .....[s]

(ख) .....[X] समितिको बैठक सामान्यतया हरेक १/१ बर्षमा बस्नु पर्नेछ ।....[3s]

(ग) तोकिएको समय अगावै बैठक बस्न आवश्यक परेमा संयोजकको सल्लाह लिई सदस्य सचिवले जुनसुकै बखत बैठक बोलाउन सक्नेछ ।

(घ) बैठकको अध्यक्षता संयोजकले र बैठक सञ्चालन गर्ने काम सदस्य सचिवले गर्नेछ ।

(ङ) समितिले कानूनी शिक्षा तथा व्यवसायिक तालिम सम्बन्धी अन्य कार्यबिधि सम्बन्धित कार्य समितिको परामर्शमा आफैले निर्धारण गर्न सक्नेछ ।

(च) बिघटन भएमा वा पुनर्गठन भएमा बाहेक पेशागत दक्षता अभिबृद्धि .....[s] समितिको कार्यकाल आफूलाई गठन गर्ने सम्बन्धित समिति बहाल रहेसम्म मात्र कायम रहनेछ ।

**६. समितिमा रहन आवश्यक योग्यता**.....[S]

(क) संस्थाको पूर्व सदस्य रही पछि बरिष्ठ अधिवक्ता, अधिवक्ता, अभिवक्ता वा अभिकर्ता भई कानून व्यवसाय गरी आएका व्यक्तिहरु,

(ख) बरिष्ठ अधिवक्ता, अधिवक्ता, अभिवक्ता वा अभिकर्ताहरु,

(ग) विषय विशेषज्ञको हैसियत प्राप्त संस्थाका सदस्य वा सदस्य बाहेकका व्यक्तिहरु,

---

[T] पहिलो संशोधनद्वारा थप ।

[s] पहिलो संशोधनद्वारा संशोधित ।

[s] पहिलो संशोधनद्वारा संशोधित ।

[3s] तेश्रो संशोधनद्वारा संशोधित ।

[s] पहिलो संशोधनद्वारा संशोधित ।

[X] पहिलो संशोधनद्वारा खारेज ।

[3s] तेश्रो संशोधनद्वारा संशोधित ।

[s] पहिलो संशोधनद्वारा संशोधित ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

(घ) केन्द्रीय समितिका पूर्व पदाधिकारी तथा सदस्यहरु,

(ङ) राष्ट्रिय महाधिवेशनमा भाग लिएका प्रतिनिधिहरु,

(च) जिल्लासमन्वय समिति, जिल्ला वा इकाई समितिहरुका पूर्व अध्यक्षहरु । ....[3s]

(छ) मानसिक अवस्था ठिक रहेको ।

(ज) कुनै कानूनले अयोग्य नभएको ।

(झ) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय नपाएको ।

(ञ) एसोसिएसनको प्रतिष्ठामा आँच आउने गतिबिधि नगरेको ।

**७. केन्द्रीय पेशागत दक्षता अभिबृद्धि.....[S] समितिको काम कर्तव्य र अधिकार**

(क) केन्द्रीय समितिको परामर्श लिई कार्य सञ्चालन गर्ने ।

(ख) पाठ्यक्रम तर्जुमा तथा परिमार्जनको लागि केन्द्रीय समितिलाई सुझाव दिने ।

(ग) यस नियमावलीको उद्देश्य पूर्ति गर्न आवश्यक र उपयुक्त ठानिएका अन्य न्यायिक, अर्ध न्यायिक निकाय एवं विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी कार्य गर्ने ।

(घ) केन्द्रीय समितिको विभिन्न कार्यक्रममा सहभागी हुने ।

(ङ) मातहतका समितिहरुमा गठन हुने पेशागत दक्षता अभिबृद्धि ....[s] समितिहरुलाई निर्देशन, नियन्त्रण,अनुगमन गर्ने तथा आवश्यक सहयोग गर्ने ।

**८. मातहतका पेशागत दक्षता अभिबद्धि समितिहरुको काम कर्तव्य र अधिकार**.....[s]

(क) केन्द्रीय पेशागत दक्षता अभिबृद्धि समिति .....[s] तथा सम्बन्धित कार्य समितिको परामर्श लिई कार्य सञ्चालन गर्ने ।

(ख) पाठ्यक्रम तर्जुमा तथा परिमार्जनको लागि सम्बन्धि कार्यसमिति मार्फत केन्द्रीय पेशागत दक्षता अभिबृद्धि..[s] समितिलाई आवश्यक सुझाव दिने ।

(ग) यस नियमावलीको उद्देश्य पूर्ति गर्न आवश्यक न्यायिक, अर्ध न्यायिक निकाय एवं विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी कार्य गर्ने ।

(घ) सम्बन्धित कार्य समितिको विभिन्न कार्यक्रममा सहभागी हुने ।

(ङ) एसोसिएसनमा आबद्ध लेखापढी व्यवसायीहरुलाई कम्तिमा वर्षमा एक पटक कानूनी शिक्षा तथा व्यवसायिक तालिम दिने व्यवस्था गर्ने ।

(च) व्यवसायमा प्रवेश गर्न चाहने व्यक्तिहरुलाई आवश्यक सेवा शुल्क लिई वा नलिई पूर्व व्यवसायिक तथा कानूनी शिक्षा सम्बन्धी तालिमको व्यवस्था गर्ने ।

(छ) उप-नियम (च) बमोजिम सेवा शुल्क प्राप्त हुने भएमा सो रकम सम्बन्धित कार्यसमितिको आम्दानी हुनेछ ।

---

[3s] तेश्रो संशोधनद्वारा संशोधित ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[s] पहिलो संशोधनद्वारा संशोधित ।

[s] पहिलो संशोधनद्वारा संशोधित ।

[s] पहिलो संशोधनद्वारा संशोधित ।

[s] पहिलो संशोधनद्वारा संशोधित ।

९. **कानूनी शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन गर्न लाग्ने खर्च सम्बन्धी व्यवस्था**

कानूनी शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन गर्न लाग्ने खर्च सम्बन्धित कार्य समितिले व्यहोर्नेछ ।

१०. **प्रमाण-पत्र**

(क) यस नियमावली बमोजिम कानूनी शिक्षा तथा व्यवसायिक तालिम प्राप्त गरेको व्यवसायीलाई सम्बन्धित समितिको छाप लगाई यस नियमावलीको अनुसची-१ बमोजिमको ढाँचामा प्रमाण-पत्र प्रदान गरिनेछ

(ख) .....[X]

११. **संशोधन खारेजी र बचाउ**

(क) यस नियमावलीको कुनै शाब्दिक र ब्याकरणगत त्रुटिलाई सच्याउने तथा नियम उपनियमलाई संशोधन गर्ने अधिकार केन्द्रीय समितिमा रहनेछ ।

(ख) नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ र प्रचलित नेपाल कानूनसँग बाझिएका नियम उपनियमहरु स्वतः खारेज तथा निष्क्रिय हुनेछन् ।

(ग) एसोसिएसनको बृहत्तर हित र विकासको लागि यस नियमावलीमा उल्लिखित कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

---

[X] पहिलो संशोधनद्वारा खारेज ।

अनुसची-१ .....[S]

(नियम १०क सँग सम्बन्धित)

**नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन**

... ... ... ... समिति

**पेशागत दक्षता अभिबृद्धि समिति**

## प्रमाण-पत्र

तपाईं श्री ... ... ... ... ... ... ... ले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन .............समितिद्वारा मिति ... ... ... ... देखि मिति ... ... ... ... ... सम्म आयोजना गरिएको ... ... दिने पेशागत दक्षता अभिबृद्धि तालिममा सहभागी भई कानूनी शिक्षा सम्बन्धी/पूर्व व्यवसायिक तालिम सफलताकासाथ पूरा गर्नू भएकोले यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

| | ................ | ... ... ... ... |
|---|---|---|
| मितिः- २० ... ।... ।... | संस्थाको छाप | संयोजक |
| | | नामथर : |

[S] पहिलो संशोधनद्वारा संशोधित ।

# अनुशासन सम्बन्धी नियमावली, २०६४

निर्णय मिति २०६४।२।११।६

पहिलो संशोधन मिति २०६७।८।२५

दोश्रो संशोधन मिति २०७५।०५।१५

तेश्रो संशोधन मिति २०८०।०४।१९

नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन केन्द्रीय समितिले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**

(क) यस नियमावलीको नाम "अनुशासन सम्बन्धी नियमावली, २०६४" रहेको छ ।

(ख) यो नियमावली नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन, केन्द्रीय समितिले पारित गरी लागू गर्न निर्णय गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा**

विषय वा प्रसङ्गले अर्का अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले नेपाल कानून व्यवसायी परिषद् ऐन २०५० सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले लेखापढी व्यवसायी सम्बन्धी नियमावली २०५१ लाई सम्झनु पर्छ ।

(ग) "विधान" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ लाई सम्झनु पर्छ ।

(घ) "अड्डा" भन्नाले न्यायिक एवं अर्धन्यायिक निकायलाई सम्झनु पर्छ ।

(ङ) "एसोसिएसन" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनलाई सम्झनु पर्छ ।

(च) "व्यवसायी" भन्नाले अड्डा अदालतमा लेखापढी गर्न प्रमाण-पत्र पाई लेखापढी व्यवसायलाई नै पेशा बनाई व्यवसाय गरी आएको व्यक्तिलाई सम्झनु पर्छ ।

(छ) "आचार संहिता" भन्नाले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको आचार संहिता सम्बन्धी नियमावली २०६४ मा व्यवस्थित गरिएका आचरणका नियमहरुलाई सम्झनु पर्छ ।

३. **उद्देश्य**

(क) एसोसिएसनका सबै निकाय (केन्द्रीय समिति र यसका मातहतका सबै समितिहरु) एबं ती निकायमा आबद्ध सम्पूर्ण तहका पदाधिकारी एबं सदस्यहरुलाई एसोसिएसनको बिधान २०६३ एबं बिधान अन्तर्गत निर्मित नियमावलीहरु तथा आचार संहिताभित्र राखी लेखापढी व्यवसायीहरुले प्रदान गर्ने सेवा (कानूनी लेखापढी) लाइ समय सापेक्ष भर पर्दो, व्यवस्थित, मर्यादित, नियमित एबं सरल र स्वच्छ पेशाको रुपमा विकास गर्नु र सबै निकाय र व्यवसायीहरुलाई बिधानको उद्देश्य प्राप्त गर्ने कार्य तर्फ निर्देशित गरी अनुशासनको पालना गर्न गराउन वाञ्छनीय भएकोले,

(ख) कुनै लेखापढी व्यवसायीले नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको आचार संहिता २०६४ मा व्यवस्थित गरिएका आचरणका नियमहरुको पालना गरेको छैन भनी उजुरी पर्न आएमा वा एसोसिएसनको आन्तरिक गतिबिधिको माध्यमबाट सो कुरा थाहा जानकारी हुन आएमा वा अनुगमन समितिले गरेको अनुगमन, मूल्याङ्कनबाट सो कुरा थाहा जानकारी हुन आएमा सो सम्बन्धमा आवश्यक जाँच बुझ गरी उपयुक्त कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिश गर्न अधिकार सम्पन्न निकायको गठन गर्न यस नियमावलीको निर्माण गरिएको हो ।

**४. अनुशासन समितिको गठन**

(क) नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन केन्द्रीय समिति...[3x] र जिल्ला वा इकाई समितिहरुले आ-आफ्नो कार्य समितिको बैठकको निर्णयद्वारा विधान र यस नियम बमोजिम...[3s] अनुशासन समितिको गठन गर्नेछन् । .....[S]

(ख) एकपटक गठन गरिएको अनुशासन समिति वा त्यसमा मनोनयन भएका पदाधिकारीहरुले तोकिएको जिम्मेवारी वा यस नियमावली बमोजिमको दायित्व पूरा गर्न नसकेमा वा आफ्नो जिम्मेवारीप्रति उदासिन भएको कार्य समितिलाई महसुस भएमा त्यस्तो अनुशासन समिति भË गरी नयाँ अनुशासन समितिको गठन गर्न वा त्यस्तो समितिमा रहेका कुनै पदाधिकारीलाई हटाई सो रिक्तस्थानमा बाँकी अवधिको लागि नयाँ ब्यक्तिलाई मनोनयन गर्न सकिनेछ । तर सम्बन्धित समितिका पदाधिकारी तथा सदस्यहरुलाई अनुशासन समितिले छानबीन प्रारम्भ गरेको समयमा त्यस्तो अनुशासन समितिलाई भË गर्न वा त्यसमा रहेका कुनै पदाधिकारी तथा सदस्यहरुलाई हटाउन सकिने छैन । .....[S]

(ग) अनुशासन समितिको बैठक सामान्यतया हरेक १/१ वर्षमा बस्नु पर्नेछ ।....[3s]

(घ) तोकिएको समय अगावै बैठक बस्न आवश्यक परेमा संयोजकको सल्लाह लिई सदस्य सचिवले जुनसुकै बखत बैठक बोलाउन सक्नेछ ।

(ङ) बैठकको अध्यक्षता संयोजकले र बैठक सञ्चालन गर्ने काम सदस्य सचिवले गर्नेछ ।

(च) अनुशासन समितिले सम्बन्धित कार्य समितिको परामर्शमा आफ्नो कार्यबिधि आफैले निर्धारण गर्न सक्नेछ ।

(छ) बिघटन भएमा वा पुनर्गठन भएमा बाहेक अनुशासन समितिको कार्यकाल आफूलाई गठन गर्ने सम्बन्धित समिति बहाल रहेसम्म मात्र कायम रहनेछ ।

**५. अनुशासन समितिमा रहने पदाधिकारीको योग्यता.....[S]**

(क) संस्थाको पूर्व सदस्य रही पछि बरिष्ठ अधिवक्ता, अधिवक्ता, अभिवक्ता वा अभिकर्ता भई कानून व्यवसाय गरी आएका व्यक्तिहरु ।

(ख) बरिष्ठ अधिवक्ता, अधिवक्ता, अभिवक्ता वा अभिकर्ताहरु ।

(ग) विषय विशेषज्ञको हैसियत प्राप्त संस्थाका सदस्य वा सदस्य बाहेकका व्यक्तिहरु ।

(घ) केन्द्रीय समितिका पूर्व पदाधिकारी तथा सदस्यहरु ।

(ङ) राष्ट्रिय महाधिवेशनमा भाग लिएको प्रतिनिधिहरु ।

(च) जिल्ला समन्वय समिति, जिल्ला वा इकाई समितिहरुका पूर्व अध्यक्षहरु ।

(छ) मानसिक अवस्था ठिक रहेको ।

(ज) कुनै कानूनले अयोग्य नभएको ।

(झ) नैतिक पतन हुने फौजदारी अभियोगमा सजाय नपाएको ।

---

[3x] तेश्रो संशोधनद्वारा खारेज ।

[3s] तेश्रो संशोधनद्वारा संशोधित ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[3s] तेश्रो संशोधनद्वारा संशोधित ।

[s] पहिलो संशोधनद्वारा संशोधित ।

(ञ) एसोसिएसनको प्रतिष्ठामा आँच आउने गतिबिधि नगरेको ।

**६. अनुशासन समितिको काम कर्तव्य र अधिकार**

(क) केन्द्रीय अनुशासन समितिले केन्द्रीय समितिका पदाधिकारी एवं सदस्यहरुले एसोसिएसनको बिधान २०६३ एबं बिधान अन्तर्गत निर्मित एसोसिएसनका नियमावलीहरु एबं आचार संहिता पालना गरे नगरेको रेख देख गरी एसोसिएसनको र समग्र कानूनी लेखापढी व्यवसायीहरुको हक हित मर्यादामा आँच आउने कार्य गरे नगरेको मूल्याङ्कन गरी कनै पदाधिकारी वा सदस्यले त्यस बिपरित काम गरेका वा अनुशासन उल्लङ्घन गरेको पाइएमा सो उपर सुनुवाई र आवश्यक छानबीन गरी केन्द्रीय समिति समक्ष कारबाहीको लागि सिफारिश गर्नु पर्नेछ ।

(ख) मातहतका समिति अन्तर्गतका अनुशासन समितिले सम्बन्धित समितिका पदाधिकारीहरु एबं सदस्यहरुले एसोसिएसनको बिधान २०६३ एवं बिधान अन्तर्गत निर्मित एसोसिएसनका नियमावलीहरु एबं आचार सहिता पालना गरे नगरको रेखदेख, मूल्याङ्कन एबं अनुगमन गरी वा उजुरी प्राप्त गरी, छानबीन गरी वा एसोसिएसनको र समग्र लेखापढी व्यवसायीहरुको हक हित मर्यादामा आँच आउने कार्य गरे नगरेका अनुगमन मूल्याङ्कन गरी कनै पदाधिकारी एबं सदस्यले त्यस बिपरित काम गरेको वा अनुशासन उल्लङ्घन गरेको पाइएमा सो उपर सुनुवाई र आवश्यक छानबीन गरी सम्बन्धित समिति .....[X] समक्ष कारबाहीका लागि सिफारिश गरी सो को जानकारी माथिल्लो.....[S] समितिमा दिनु पर्नेछ ।

(ग) उपनियम.....[S] (क) र (ख) बमोजिम भएको सिफारिश अनुसार सम्बन्धित कार्य समितिले बढीमा ३० (तीस) दिनभित्र आवश्यक कारबाही गरी सो को जानकारी माथिल्लो.....[S] समितिमा दिनु पनेछ ।

(घ) उपनियम (क) (ख) र (ग) मा जुनसुकै कुरा लेखिएको भएता पनि सम्बन्धित समितिले अनुशासन समिति गठन नगरेकोमा नियम ६ को उपनियम (क) र (ख) बमोजिमका बिषयहरुमा कार्य समितिले यस नियमावलीले निर्धारण गरेको प्रकृया पुरा गरी बढीमा ३० दिन भित्रमा आवश्यक कारवाही गर्न सक्नेछ ।[*]

**७. प्रारम्भिक छानबीन**

(क) गोप्य रुपमा समिति कै सदस्य वा कुनै व्यक्ति वा नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको कुनै निकाय मार्फत छानबीन गरी गराई प्रतिबेदन लिने ।

(ख) जाँचबुझ गर्दा वा उजुरीमा नै पर्याप्त आधार भई कारबाही गर्नुपर्ने देखिएमा सम्बन्धित व्यवसायीसँग स्पष्टीकरण माग गर्ने ।

(ग) छानबीन जाँचबुझ गर्दा आरोप तथ्यपूर्ण नदेखिएमा वा समितिको अधिकार क्षेत्र भित्रको नदेखिएमा उजुरी तामेलीमा राख्ने ।

**८. म्याद सूचनाको तामेली सम्बन्धी व्यवस्था**

---

[X] पहिलो संशोधनद्वारा थप ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[*] दोश्रो संशोधनद्वारा थप ।

(क) जसलाई म्याद तामेल गर्नु पर्ने हो उसैलाई बुझाई तामेल गर्नु पर्ने,

(ख) हुलाकद्वारा रजिष्ट्री गरी सो व्यक्तिको घर वा कार्यालय वा पोष्टबक्समा बुझाउन पनि सकिने,

(ग) कुनै बिद्युतीय सञ्चारको माध्यम (इमेल, मोबाइल फोन, टेलिफोन) द्वारा पनि सम्बन्धित व्यक्तिलाई म्याद तामेल गर्न सकिने,

(घ) जसलाई म्याद तामेल गर्नु पर्ने हो उसले बुझ्न इन्कार गरेमा त्यस्तो म्याद/सूचना कुनै राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरी तामेल गर्न सकिने ।

९. **अनुसन्धान**

(क) कुनै अड्डा अदालत वा व्यक्तिको साथमा रहेको मुद्दासँग सम्बन्धित मिसिल वा प्रमाणको लिखत वा अन्य कुनै कुरा समितिमा झिकाउन वा पेश गर्न लगाउन सकिने ।

(ख) आरोपित व्यवसायीका सम्बन्धमा सम्बन्धित तथ्यहरुको जानकारी भएको कुनै व्यक्तिलाई समितिले उपस्थित गराई सोधपुछ गर्न वा लिखित रुपमा जानकारी लिन सक्नेछ ।

(ग) आरोपित व्यवसायीका सम्बन्धमा प्रमाणहरु संकलन गर्दै जाँदा पेश हुन आएका कागज पत्रहरु, टेप, सी.डी.हरु, फोटोहरु तथा मोबाइल फोनको अभिलेख, इमेल इत्यादि सद्धे कीर्तेमा सुनाउनु पर्ने भएमा सुनाई बयान गराई सुरक्षित राख्ने ।

(घ) बिशेषज्ञबाट चेक जाँच गराउनु परेमा .....[X] गराउने ।

(ङ) अनुसन्धान तहकीकातबाट कारबाही अगाडि बढाउनु पर्ने नदेखिएमा उजुरी खारेज गर्ने वा तामेलीमा राख्ने ।

१०. **मुद्दाको पेशी**

(१) मुद्दाको अË पुगेपछि समितिले आदेश गरी सदस्य सचिवले मुद्दाका पेशी सूची प्रकाशित गर्नेछ ।

(२) पेशीमा चढेको मुद्दा समितिले सुनुवाई गरी फैसला गर्नेछ ।

११. **मुद्दा हेर्न नरोकिने**

(१) पेशी सूचीमा चढेको कुनै मुद्दा आरोपित व्यवसायी उपस्थित नभएका कारणले निर्णय गर्न बाधा पर्ने छैन ।

(२) आरोपित व्यवसायीले पेशीको दिनमा काबु बाहिरको परिस्थिति परी उपस्थित हुन नसक्ने कुराको लिखित जानकारी गराएमा सुनुवाई स्थगित गर्न सकिनेछ । तर यस्तो सुनुवाईको स्थगन बढीमा २ पटक सम्म मात्र गर्न सकिनेछ ।

१२. **प्रमाण बुझ्न <u>अड्डा</u>....[T] अदालतको सहयोग लिन सकिने :**

समिति समक्ष बिचाराधीन रहेको कुनै मुद्दाका सम्बन्धमा कुनै प्रमाण बुझ्न अदालतको सहयोग आवश्यक परेमा समितिले सम्बन्धित <u>अड्डा</u> .....[T] अदालत समक्ष सहयोगको लागि अनुरोध गर्न सक्नेछ ।

---

[X] पहिलो संशोधनद्वारा खारेज ।

[T] पहिलो संशोधनद्वारा थप ।

[T] पहिलो संशोधनद्वारा थप ।

**१३. नक्कल दिने**

(क) समयावधि- सरोकारवालाले मिसिल संलग्न कागजातका नक्कल माग गरेमा सामान्यतया ३ दिनभित्र सदस्य सचिवले नक्कल प्रमाणित गरिदिन सक्नेछ ।

(ख) दस्तुर- यसरी नक्कल दिंदा निवेदन बापत रु.१०।- र प्रतिपानाको रु.५।- को दरले नक्कल दस्तुर दाखिल गर्नु पर्नेछ ।

**१४. गोपनियता**

(१) सुनुवाई भइरहेको कुनै मुद्दाको सम्बन्धमा बिचाराधीन विषयवस्तु गोप्य राखिनेछ ।

(२) संयोजकको लिखित आदेश बेगर कुनै पनि मिसिल वा सम्बन्धित कागजातहरु वा अन्य प्रमाणहरु समितिबाट बाहिर लैजान हुँदैन ।

**१५. सजाय**

अनुशासन समितिले गरेको सिफारिश समेतको आधारमा सम्बन्धित कार्य समितिले निम्न सजाय गर्न सक्नेछ :-

(१) कुनै व्यवसायीले पेशागत आचरण उल्लङ्घन गरेमा सो थाहा पाउने जोसुकै व्यक्तिले सम्भव भएसम्मका आधार प्रमाण खुलाई एसोसिएसनको अनुशासन समिति समक्ष.....[3x] उजुरी गर्न सक्नेछन् । .....[S]

(२) प्राप्त भएका उजुरी वा आन्तरिक अनुगमन समेतका आधारमा आचार सहिता उल्लङ्घन गरेको देखिएमा अनुशासन समितिले त्यस्तो व्यवसायीलाई यस नियमावली बमोजिम सजाय गर्न सम्बन्धित समिति समक्ष सिफारिश गर्नुपर्नेछ ।.....[S]

(३) अनुशासन समितिले गरेको सिफारिश समेतलाई आधार मानी आचरण उल्लङ्घन गर्ने व्यवसायीलाई सम्बन्धित समितिले निम्नानुसारका सजाय गर्न वा सजायको लागि सिफारिश गर्न सक्नेछ ।.....[S]

(क) कुनै व्यवसायीले व्यवसायिक आचरण उल्लङ्घन गरेको ठहरिएमा पहिलो पटकको लागि निजलाई पत्राचार गरी आचरण उल्लङ्घन नगर्न सचेत गराउने र सो व्यहोरा सम्बन्धित अदालत समक्ष लेखी पठाउने,

(ख) दोश्रो पटकमा आचरण उल्लङ्घन गरेमा निजलाई पहिलो पटक गरिएको सजायको व्यहोरा खुलाई सेवाग्राही तथा सम्बन्धित सबैलाई निजबाट सजग रहन एसोसिएसनको सूचना पाटी, निज कायरत कायालय र सम्बन्धित जिल्ला अदालतमा सार्वजनिक सूचना टाँस गरी नसिहत दिने र सो व्यहोरा सम्बन्धित अदालत समक्ष लेखी पठाउने,

(ग) तेश्रो पटक पेशागत आचरण उल्लङ्घन गरेमा एसोसिएसनबाट निजले प्राप्त गरेको सदस्यता निलम्बन गर्ने । त्यस्तो व्यवसायीले पाएको पूर्व सजायको उल्लेखन गरी निजले पाएको लेखापढी गर्न पाउने प्रमाण-पत्र ३ महिनासम्मको लागि निलम्बन गर्न सम्बन्धित अदालत समक्ष लेखी पठाउने,

---

[3x] तेस्रो संशोधनद्वारा खारेज ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

(घ) उपनियम (क), (ख) र (ग) बमाजिमको सजाय पाएको व्यवसायीले पुनः पेशागत आचरण उल्लङ्घन गरेमा एसोसिएसनबाट निजले प्राप्त गरेको सदस्यता खारेज गरी निजलाई गरिएको उपनियम (क), (ख) र (ग) बमोजिमको सजायको उल्लेखन गरी त्यस्तो व्यवसायीले लेखापढी गर्न पाउने प्रमाण-पत्र भविष्यमा पुनः पेशा गर्न अयोग्य ठहरिने गरी रद्द गर्न सम्बन्धित अदालत समक्ष सिफारिश गर्ने ।

(ङ) उपनियम (ग) र (घ) मा उल्लिखित सजाय गर्नु अघि अभियुक्त व्यवसायीलाई आफ्नो सफाई पेश गर्न १५ दिनको मनासिब मौका प्रदान गरिनेछ ।

**१६. सजायको जानकारी र पुनरावेदन**

(क) आरोपित व्यवसायीलाई गरिएको सजाय सम्बन्धमा निजलाई जानकारी गराइनेछ ।

(ख) सजाय गरिएकोमा चित्त नबुझेमा जानकारी प्राप्त भएपछि आरोपित व्यवसायीले एक तह माथिल्लो .....[S] समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(ग) कुनै व्यवसायीलाई गरिएको सजायका सम्बन्धमा पुनरावेदन परेमा एक तह माथिल्लो समितिले पुनरावेदन सुनी निर्णय गर्न सक्नेछ ।.....[S]

(घ) पुनरावेदन सुन्ने समितिले गरेको निर्णय चित्त नबुझी पुनरावेदन परेमा वा मुद्दा दोहोर्‍याई हेरिपाउन निवेदन परेमा त्यस्तो पुनरावेदन सुन्ने समितिभन्दा एक तह माथिल्लो समितिले पुनरावेदन सुनी निर्णय गर्न वा मुद्दा दोहोर्‍याई हेरी निर्णय गर्न सक्नेछ । .....[T]

(ङ) केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यहरुलाई कारबाही गर्न गरिएको निर्णय उपर उजुरी परेमा राष्ट्रिय परिषदले गरेको निर्णय र राष्ट्रिय परिषदले गरेको निणर्य उपर उजुरीपरेमा राष्ट्रिय महाधिवेशनले गरेको निर्णय अन्तिम हुनेछ । .....[T]

**१७. खारेजी र बचाउ**

(क) यस नियमावलीको कुनै शाब्दिक र ब्याकरणगत त्रुटिलाई सच्याउने तथा नियम उपनियमलाई संशोधन गर्ने अधिकार केन्द्रीय समितिमा रहनेछ ।

(ख) नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसनको विधान २०६३ र प्रचलित नेपाल कानूनसँग बाझिएका नियम उपनियमहरु स्वतः खारेज तथा निष्क्रिय हुनेछन् ।

(ग) एसोसिएसनको बृहत्तर हित र विकासको लागि यस नियमावलीमा उल्लिखित कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन ।

---

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[S] पहिलो संशोधनद्वारा संशोधित ।

[T] पहिलो संशोधनद्वारा थप ।

[T] पहिलो संशोधनद्वारा थप ।

# # लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१

लागू मिति :
२०५१।५।१

नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल कानून व्यवसायी परिषद्ले देहायका नियमहरु बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यी नियमहरूको नाम# *"लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१"* रहेको छ ।

(२) यो नियमावली परिषदले तोकेको मितिदेखि प्रारम्भ हुनेछ ।*

**२. परिभाषाः**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० सम्झनु पर्छ ।

(ख) "अड्डा" भन्नाले नेपाल सरकार वा प्रचलित कानून बमोजिम संस्थापित निकाय सम्झनु पर्छ ।

(ग) "अदालत" भन्नाले अर्धन्यायिक निकायलाई समेत सम्झनु पर्छ ।

(घ) # *"लेखापढी व्यवसायी"* भन्नाले यस नियमावलीको नियम ३ बमोजिम अड्डा अदालतमा लेखापढी गर्न प्रमाण पत्र पाएको व्यक्ति सम्झनु पर्छ ।

**३. अड्डा अदालतमा लेखापढी गर्ने प्रमाण पत्रः**

(१) नेपाली लेखापढी गर्न जान्ने, १६ वर्ष उमेर पुगेको नेपाली नागरिकले अड्डा अदालतमा लेखापढी गर्ने प्रमाणत्र लिन चाहेमा एकसय रूपैयाँ दस्तुरसहित अनुसूची १ को ढाँचामा जिल्ला अदालतमा निवेदन गर्नुपनेछ । (२) उपनियम (१) बमोजिम निवेदन दिने व्यक्ति नियम ४ मा उल्लेखित काम गर्न सक्षम देखिएमा निजलाई अनुसूची २ को ढाँचामा प्रमाण पत्र दिइनेछ ।

**४. #*लेखापढी व्यवसायी* को कार्यक्षेत्रः**

(१) #*लेखापढी व्यवसायी*ले देहायका कागजातको मसौदा गर्न पाउनेछ

(क) राजिनामा, बकसपत्र लगायतका मालपोत कार्यालयमा पारित हुने लिखत ।

(ख) अदालतमा तारेख थाम्ने, साक्षी हाजिर गराउने, सकारनामा गर्न जस्ता सामान्य प्रकृतिका लिखत,

(ग) अदालतबाहेक अर्धन्यायिक निकाय समेतका अन्य अड्डामा दर्ता गरिने सामान्य खालका निवेदन, दरखास्त र

(घ) तमसुक, भरपाई, बैनापत्र, वारेसनामा जस्ता सामान्य प्रकृतिका घरायसी लिखत ।

(२) #*लेखापढी व्यवसायी*ले अड्डा अदालतमा रहेका कागजातको नक्कल प्रचलित कानूनको अधीनमा

---

* मिति २०५१/४/२८ मा बसेको परिषद्को बैठकले २०५१/४/२६ मा सर्वोच्च अदालतबाट स्वीकृति प्राप्त (मूल लेखन्दास सम्बन्धी नियामावली २०५१) यो नियमावली २०५१/५/१ देखि लागू हुने गरी प्रारम्भ गरेको छ ।

# २०५७/८/१७ गतेबाट संशोधन भई सर्वोच्च अदालतबाट स्वीकृति प्राप्त यो नियमावली २०५८/९/१४ गते बसेका परिषद्को बैठकबाट सोही मितिदेखि लागू हुने गरी तोकिएको ।

रही सार्न पाउनेछ ।

५. #**लेखापढी व्यवसायीले पालना गर्नुपर्न शर्तः**

(१) #*लेखापढी व्यवसायी*ले देहायका शर्त पालना गर्नुपर्नेछ।

(क) नक्कल सार्दा सही ढंगले सार्ने ।

(ख) मिसिलमा संलग्न कागजातहरू बिगार्न, थप्ने, मेटने आदि काम नगर्ने ।

(ग) जानीजानी पक्षको अहित हुने किसिमले कुनै लिखतको मसौदा नगर्ने,

(घ) आफूले सारेको लिखत वा गरेको मसौदामा आफ्नो प्रमाणपत्र नम्बर प्रमाणपत्र प्राप्त गरेको जिल्ला अदालतको नाम लेख्ने,

(ङ) ▽*अन्य व्यक्तिले लेखेको लिखत वा सारेको लिखत प्रमाणित गर्न नहुने ।*

(२) अड्डा अदालतमा लेखापढी गर्न प्रमाण पत्र पाएको जिल्ला अदालतको क्षेत्रभित्र#*लेखापढी व्यवसायी*ले नियम ४ मा उल्लिखित काम गर्न पाउनेछ ।

६. **सजायः**

नियम ४ को विपरित काम गर्ने वा नियम ५ मा उल्लिखित शर्त पालना नगर्ने #*लेखापढी व्यवसायी*लाई सम्बन्धित जिल्ला अदालतले कसूरको मात्रा अनुसार नसिहत दिने वा खास अवधिसम्मका लागि काम गर्न नपाउने गरी प्रमाणपत्र निलम्बन गर्ने वा प्रमाणपत्र रद्ध गर्ने सजाय दिन सक्नेछ ।

तर, त्यसरी सजाय दिनु अघि सम्बन्धित #*लेखापढी व्यवसायी*लाई आफ्नो सफाई पेश गर्न उचित मौका दिनु पर्नेछ ।

७. **प्रमाणपत्र लिनेको लगतः**

(१) यो नियमावली प्रारम्भ हुनुअघि प्रमाणपत्र लिएका #*लेखापढी व्यवसायी*हरूको पनि अद्यावधिक लगत जिल्ला अदालतले कायम गर्नेछ ।

(२) यो नियमावली प्रारम्भ भएपछि प्रमाणपत्र पाउनेको फोटो टाँसी निजको नाम, ठेगाना, प्रमाणपत्र नम्बर र सहिछाप समेत रहने छुट्टै रजिष्टर किताब राखिनेछ ।

---

# २०५८/८/१७ गतेबाट संशोधन

▽ २०५७/८/१७ गतेबाट थप

# २०५७/८/१७ गतेबाट संशोधन

अनुसची-१
(नियम ३ (१) सँग सम्बन्धित)

| फोटो |
|---|

श्रीमान् जिल्ला न्यायाधीशज्य,

......................जिल्ला अदालत।

बिषय : अड्डा अदालतमा लेखापढी गर्न प्रमाणपत्र पाउँ ।

निम्न विवरण भरी अड्डा अदालतमा लेखापढी गर्न प्रमाणपत्र पाउन रु. १००/- र मेरो पासपोर्ट साइजको फोटो थान-२ सहित यो निवेदन गरेको छु ।

तपसिल

१. निवेदकको पूरा नाम :-

२. निवेदकको पिताको नाम :-

३. निवेदकको ठेगाना :-

स्थायी :- अस्थायी :-

४. निवेदकको शैक्षिक योग्यता :-

५. निवेदकको जन्म मिति :-

६. निवेदकले नेपाली नागरिकता लिएको जिल्ला :-

मिति :- नम्बर :-

७. संलग्न कागजात

शैक्षिक योग्यताको प्रतिलिपि ।

नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।

निवेदक :-

नाम :-

सही :- लेखात्मक

रेखात्मक

| दायाँ | बायाँ |
|---|---|
| | |

---

**अदालतले भर्ने**

निवेदक श्री .....................................नियम ४ मा उल्लिखित काम गर्न सक्षम देखिएकोले निजलाई अड्डा अदालतमा लेखापढी गर्न प्रमाणपत्र दिने निर्णय गरेको छु । लगत किताबमा फोटो टाँसी नाम, ठेगाना समेत भरी प्रमाण पत्र दिनू ।

मिति :

जिल्ला न्यायाधीश:

नाम :

सही

---

अनुसूची-२

(नियम ३ (२) सँग सम्बन्धित)

..........................जिल्ला अदालतबाट प्रदान गरिएको

## अड्डा अदालतमा लेखापढी गर्ने प्रमाणपत्र

फोटो

प्रमाणपत्र नं. :

.....................जिल्ला......................न.पा./गा.पा......वडा नं. ......... टोल/गाउँ बस्ने श्री...................... का छोरा/छोरी श्री......................... लाई अड्डा अदालतमा [#] *लेखापढी व्यवसायी* सम्बन्धी नियमावली २०५१ को अधीनमा रही लेखापढी गर्न पाउने गरी मिति ..............................को निर्णयानुसार यो प्रमाण पत्र प्रदान गरिएको छ ।

अदालतको छाप

श्रेस्तेदार

नाम :

सही :

इतिसम्बत् २०....साल...........महिना.....गते रोज.........शुभम्--

[#] २०५७/८/१७ गतेबाट संशोधन

# विषय सूची


| क्र सं. | नियमावलीको नाम | पृष्ठ संख्या |
|---|---|---|
| १. | लेखापढी व्यवसायीको आचार संहिता, २०६४ | १-४ |
| २. | आन्तरिक कार्य व्यवस्था सञ्चालन नियमावली, २०६४ | ५-२२ |
| ३. | आर्थिक नियमावली, २०६४ | २३-३१ |
| ४. | निर्वाचन नियमावली, २०६४ | ३२-५१ |
| ५. | कानूनी शिक्षा सम्बन्धी नियमावली, २०६४ | ५२-५६ |
| ६. | अनुशासन सम्बन्धी नियमावली, २०६४ | ५७-६२ |
| ७. | लेखापढी व्यवसायी सम्बन्धी नियमावली, २०५१ | ६३-६६ |

प्रकाशक :

**नेपाल लेखापढी कानून व्यवसायी एसोसिएसन**
**केन्द्रीय समिति, काठमाडौं।**

प्रथम पटक प्रकाशन : वि.सं. २०६४ (६०० प्रति)
दोस्रो पटक प्रकाशन : वि.सं. २०६८ (५०० प्रति)
तेस्रो पटक प्रकाशन : वि.सं. २०७२ (५०० प्रति)
चौथो पटक प्रकाशन : वि.सं. २०७५ भाद्र ३००० प्रति
पाँचौं पटक प्रकाशन : वि.सं. २०८० भाद्र (२००० प्रति)

सहयोग राशि १००।–

मुद्रक :
**आवृत्ति छापाखाना प्रा.लि.**
बागबजार, काठमाडौं, फोन : ०१–४१६७५७१